जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

आँखा पाक्ने रोगका लक्षण
- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसंग परामर्श लिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ९१ • २०८० साल भाद्र २ गते शनिबार (19 August, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

## रेल्वेमा मुआव्जा विवाद कायमै तेस्रो चरणको विस्तारमा ढिलाइ

राजेन्द्र यादव

जनकपुरधाम । नेपाल रेल्वेले मुआव्जा विवाद समाधान गर्न नसकेपछि तेस्रो चरणको विस्तारमा ढिलाइ भएको छ । सन् २०१० मईमा नेपाल र भारत सरकारबीच भारतीय बजार जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बर्दिबाससम्म ६९ किलोमिटर रेल संचालन गर्ने सम्झौता भएको थियो ।



सोही सम्झौता अनुसार पहिलो चरणमा जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेल्वे ट्र्याक निर्माण भइ २०७८ चैत २० गतेदेखि रेल नियमित रुपमा सञ्चालन हुँदै आएको छ । त्यसपछि सोही सम्झौता अनुसार दोस्रो चरण कुर्था देखि सीतापुर भंगहा बिजलपुरासम्म १७ किलो मिटर रेल्वे ट्र्याक निर्माण भइ पछिल्लो दुई महिनादेखि रेल संचालन हुँदै आएको छ । यसरी दुई चरणमा नेपाल रेल सेवा ५२ किलोमिटर विस्तार भएको छ ।

जयनगर जनकपुरधाम हुँदै महोत्तरीको बर्दिबाससम्म ६९ किलोमिटर रेल संचालन गर्ने विषयमा नेपाल सरकार र भारत सरकारबीच सम्झौता भएको १३ वर्ष पुगिसकेको छ । तर पनि सो सम्झौता अनुसारको कार्य पूरा भने हुन सकेको छैन । सम्झौतामा नेपाल पक्षले रेल्वे ट्र्याक निर्माणका लागि जग्गा उपलब्ध गराउने र भारतीय पक्षले सो जग्गामा रेल संचालनका लागि ट्र्याक निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने र नेपाल पक्षले रेल संचालन गर्ने उल्लेख छ ।

भंगहा बिजलपुरा देखि बर्दिवाससम्म १७ किलोमिटर रेल्वे ट्र्याक निर्माणको लागि जग्गा उपलब्ध गराउने जिम्मा नेपाल सरकारको रहेको छ । तर अहिलेसम्म नेपाल सरकारले तेस्रो चरणको रेल सञ्जाल विस्तारको लागि जग्गाको अधिग्रहण गर्न सकेको छैन । रेल विभाग साइड कार्यालय जनकपुर धामका अनुसार सो सञ्जालमा पर्ने जग्गामध्ये अहिलेसम्म ७५ प्रतिशत मात्रै जग्गा अधिग्रहण भई मुआब्जा वित्तरण गरिएको छ । २५ प्रतिशत जग्गाको अझै पनि अधिग्रहण हुन सकेको छैन ।

रेल विभाग साइड कार्यालय जनकपुरधामका इन्जिनियर बिनोद ओझाले अहिलेसम्म २ सय १४ विघा क्षेत्रफल जग्गाको करिव २ अर्व ३० करोड ४० लाख मुआब्जा मात्रै वितरण भएको छ । मुआब्जा विवादका कारण जग्गा अधिग्रहण कार्यमा ढिलाइ भएको उनले बताए । सरकारले जग्गा अनुसारको मुआब्जा दिने व्यवस्था गरेको छ । तर केही किसानले तोकिएको भन्दा बढी रकम माग्दा कतै कतै जग्गा अधिग्रहण हुन नसकेको र केही जग्गामा विवाद देखिएकोले पनि समय लाग्ने गरेको इन्जिनियर ओझाले बताए ।

जग्गा प्राप्ति ऐन २०३४ अनुसार जग्गालाई तीन किसिमले वर्गीकरण गरी मुआब्जा वितरण गरेको छ । जस अन्तर्गत साविक भंगहा गाविस अन्तर्गत जग्गाको मूल्य प्रतिकठ्ठा १ लाख ५० हजारदेखि ८ लाखसम्म, किसान नगरको जग्गालाई प्रति कठ्ठा दुई लाखदेखि ८ लाखसम्म, आदर्शनगर बेंगाडावरको जग्गालाई प्रति कठ्ठा ६ लाखदेखि ३५ लाखसम्म र बर्दिवासको जग्गालाई प्रति कठ्ठा आठलाखदेखि ८१ लाखसम्म मुआब्जा वितरण गरिएको छ ।

उनले आगामी मंसिर सम्ममा पूर्ण रुपमा जग्गा अधिग्रहण गरी भारतीय पक्षलाई ट्र्याक निर्माणको लागि पत्राचार गरिने बताए । भारतीय सरकार को अधीनमा रहेको कम्पनी इरकाँनले ट्र्याक निर्माणको कार्य गर्दै आएको छ । उनले निर्माण कार्य सुरु भएको तीन वर्ष भित्रमा बर्दिवाससम्म रेल संचालन हुने बताए । रेल्वे ट्र्याक निर्माण भन्दा जग्गा अधिग्रहण कार्य झन्झटिलो भएकोले कार्यमा ढिलाइ भएको उनले बताए ।

ओझाले भने,' नेपाल र भारत सरकारबीच भएको सम्झौता अनुसार यो ढिलो भएको हो वा होइन मलाई थाहा भएन । तर काम सुरुदेखि ३ वर्ष भित्रमा बर्दिवाससम्म रेल संचालन हुने गरी नेपाल सरकारको तयारी छ ।'

## तीन हजार मिटरब्याज पीडितले फिर्ता पाए ११९ विघा जग्गा

टुडे समाचारदाता

काठमाण्डु । नेपालमा विभिन्न क्षेत्रका मिटरब्याजी (साहु)ले दिएको रकममा शतप्रतिशतभन्दा बढी रकम लिने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको छ ।

पीडितहरूले दिएको उजुरी छानबिनका क्रममा अहिलेसम्मको उजुरी फर्छ्योटमा उनीहरूले दिएकोभन्दा दोब्बर पैसा असुल्ने गरी मिटरब्याजमा पैसा लगाएको पाइएको गृहमन्त्रालयका प्रवक्ता, सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

उनका अनुसार शुक्रबार मन्त्रालयमा प्राप्त रिपोर्टमा अहिलेसम्म तीन हजार एक सय ६१ पीडितसँग गरिएको मिलापत्रमा उक्त तथ्य पुष्टी भएको छ । मिटरब्याजसम्बन्धी कानून बनेसँगै छानबिन, अनुसन्धान र मिलापत्रको काम तीव्र पारिएको छ ।

पीडितले साहुसँग एक अर्ब आठ करोड ६० लाख ८३ हजार छ सय ९४ माग गरेको देखिएको छ । तर साहुले भने रकम बढाएर दुई अर्ब ६१ करोड ६२ लाख २१ हजार दुई ४३ लिनुपर्ने बनाएको मिलापत्रका क्रममा देखिएको भट्टराईले बताए । यो रकम मागेभन्दा डेढ अर्बभन्दा पनि बढी हो ।

सबैभन्दा बढी मधेश प्रदेशको ६९ करोड ५१ लाख छ भने सबैभन्दा कम कर्णालीमा तीन करोड छ लाख रहेको छ । प्राप्त विवरणअनुसार तीन हजार एक सय ६१ जनाबाट साहुले हडपेको एक सय १८ बिघा १९ कठ्ठा छ धुर जमिन पीडितलाई फिर्ता भएको पनि उनले बताए । हालसम्म यसरी पीडित भएको भनेर २३ हजार नौ सय ६१ जनाले उजुरी दिएका छन् ।

अहिले सरकारले बनाएको अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगले उजुरी लिने, मिलापत्र गराउनेलगायतका काम गरिरहेको छ । गम्भीर प्रकृतिका घटना, र कम उठाउन धम्की दिने, मानसिक तथा शारीरिक यातना दिने तथा जग्गा गम्भीर तरिकाले हडप्ने जस्ता व्यक्तिको हकमा भने कारबाहीका लागि सिफारिस गर्ने अधिकार आयोगलाई छ ।

आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।

लक्षणहरु



- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

रोकथामका उपायहरु

भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश, नेपाल

## जसपाले पार्टीको विधानबाट हटायो उमेर हद, तोक्यो कार्यकालको सीमा

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालले पार्टीको विधानबाट उमेर हदको प्रावधान हटाएर कार्यकालको प्रावधान कायम र ाखेको छ ।




विधान अधिवेशनबाट जसपाले पार्टी केन्द्रीय सदस्यको उमेर हद ७० तय गरेको थियो । विधानको धारा-८६ को उपधारा (१) मा ७० वर्ष उमेर भएको व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति, राष्ट्रिय समिति र जिल्ला समितिको पदाधिकारी पदमा निर्वाचित हुन वा मनोनीत हुन पाउने छैन भन्ने उल्लेख थियो ।

साउन २५ गते निर्वाचन आयोगले अभिलेखन गरि एपछि कार्यान्वयनमा आएको सो विधानमा धारा ८६ को उपधारा (१) लाई हटाइएको छ । विधानमा यसअघि राखिएको कार्यकाललाई कायमै राखिएको छ । एउटै पदमा लगातार दुई कार्यकाल उम्मेदवार हुन नपाउने प्रावधान कायम र ाखिएको छ ।

धारा ८६ मा पार्टीको निर्वाचित जिल्ला समिति, प्रदेश, राष्ट्रिय समिति र केन्द्रीय समितिको पदाधिकारीको हैसियतमा कार्यरत एउटै व्यक्ति, एउटै तह र एउटै पदमा लगातार दुई कार्यकाल वा १० वर्षभन्दा बढी कार्य पूरा गरिसकेको भए सोही पदका लागि पुनः उम्मेदवार हुन पाउने छैन भन्ने उल्लेख छ ।

उमेर हद कायम रहेको भए पार्टीका अध्यक्ष उपेन्द्र यादव सात वर्षपछि पार्टीबाट अवकाश लिनुपर्ने थियो । अध्यक्ष यादव ६३ वर्षका छन् । विधानमा ७० वर्षपछि पार्टीको केन्द्रीय समितिका लागि योग्य नहुने प्रस्ताव गरिएको थियो ।

त्यस्तै, उमेर हद कायम रहेको भए पार्टी संघीय परिषद्का अध्यक्ष अशोक राईले चार वर्षपछि पार्टीबाट अवकास लिनुपर्ने हुन्थ्यो । शिक्षा मन्त्रीसमेत रहेका अध्यक्ष राई ६६ वर्षका भएका छन् । उमेर हदको प्रावधान कायम रहेको भए पार्टीका शीर्ष नेताहरुले अवकाश लिनुपर्ने अवस्था आउने देखिएकाले त्यसलाई हटाएको बताइएको छ ।

उमेर हद राख्दा युवाहरु उत्साहित भएका थिए । तीन दिनसम्म चलेको विधान अधिवेशनमा ७० वर्षे उमेर हदको बारेमा व्यापक छलफल भएको थियो । सो छलफलमा अधिकांशले उमेर हदलाई समर्थन गरेका थिए भने केहीले यसको विपक्षमा धारणा राखेका थिए ।

अधिवेशनमा उठेका विषयहरुलाई समेटेर विधानलाई अन्तिम रुप दिन जसपाका अध्यक्ष उपेन्द्र यादवको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन भएको थियो । त्यो समितिले अधिवेशनमा उठेका विषयवस्तुलाई समावेश गरी अन्तिम रुप दिएर प्रमाणीकरणसहित आयोगमा पठाएको थियो । आयोगले स्वीकृत गरेपछि नयाँ विधान कार्यान्वयनमा आएको छ ।

एउटै पदमा लगातार दुई कार्यकाल उम्मेदवार हुन नपाउने प्रावधान विधानमा कायम छ । यो विधान अनुसार पार्टीका अध्यक्ष उपेन्द्र यादव अब दुई कार्यकाल मात्र अध्यक्ष रहनेछन् । प्रत्येक पाँच वर्षमा महाधिवेशन हुने तोकिएको छ । महाधिवेशनको मिति भने तोकिएको छैन ।



'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लऽ क
निरन्तर १८ घण्टा
अहाँक सँग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# अब श्रम विभागका सम्पूर्ण सेवा अनलाइनमार्फत



काठमाण्डु । सरकारले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई पूर्ण 'डिजिटाइज' गरी सम्पूर्ण सेवा अनलाइनमार्फत प्रवाह सुरु गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री शरत्‌सिंह भण्डारीले एकीकृत श्रम व्यवस्थापन सूचना प्रणालीको शुभारम्भ गर्नुभयो ।

विभागले उक्त प्रणालीमार्फत विभाग तथा मातहत निकायबाट प्रवाह हुने सेवा अनलाइनबाट प्रदान गर्न थालेको छ । ट्रेड युनियन दर्ता, नवीकरण, नेपालमा काम गर्ने विदेशी श्रमिकको श्रम स्वीकृति, श्रमिक आपूर्तिकर्ताको दर्ता/नवीकरण, व्यवसायजन्य दुर्घटना विवरण दर्ता, श्रम अडिट पेस र प्रतिष्ठान दर्तालगायत सेवा अनलाइनमार्फत गर्न सुरु गरिएको विभागका निर्देशक मणिनाथ गोपले जानकारी दिनुभयो ।

विभागमार्फत प्रदान हुने सेवा धधधाफ्रैष्क्षामययिकानयखालउ बाट लिन सकिनेछ । विभागले विदेशी नागरिकको श्रम इजाजत, श्रमिक आपूर्तिकर्ता र ट्रेड युनियनसम्बन्धी कार्य गर्दै आएको छ । सूचना व्यवस्थापन प्रणालीबाट विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गर्ने र खारेजी गर्ने, श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र जारी, नवीकरण, सेवा तथा कार्यक्षेत्र परिवर्तन र थपघट, इजाजतपत्र खारेजीलगायतको काम हुनेछ । यस्तै श्रम अडिट पेश गर्ने, व्यवसायजन्य दुर्घटनाको विवरण दर्ता, प्रतिष्ठान तथा श्रमिकको तथ्याङ्क अद्यावधिक, श्रम विवादसम्बन्धी निवेदन दर्ता, ट्रेड युनियन दर्ता तथा नवीकरण, नाम परिवर्तन, खारेजी र विधान संशोधनलगायतको गर्न सकिने छ । यसअघि उक्त सेवा विभाग वा मातहतका कार्यालयमा भौतिकरूपमा उपस्थित भएर लिनुपर्ने अवस्था थियो । विभागले भद्रपुर, विराटनगर, जनकपुर, वीरगन्ज, हेटौँडा, टेकु, पोखरा, बुटवल, नेपागन्ज, सुर्खेत र धनगढीस्थित कार्यालयबाट सेवा प्रवाह गर्दै आएको छ ।

अनलाइनबाट सेवा प्रवाह हुन थालेपछि सेवाग्राहीलाई विभाग वा कार्यालयमा पटकपटक आइरहनुपर्ने झन्झटबाट मुक्ति मिल्ने, समयको बचत हुने, अभिलेख व्यवस्थित हुने, 'पेपरलेस र फेसलेस' सेवा प्रदान, सहजरूपमा तथ्याङ्क प्राप्त हुने प्रतिष्ठान तथा श्रमिकको तथ्याङ्क अद्यावधिक हुने विभागका महानिर्देशक केशवप्रसाद विमलीले जानकारी दिनुभयो ।

विभागले गत आर्थिक वर्षमा ९७ देशका दुई हजार नौ सय ९८ विदेशी नागरिकलाई श्रम इजाजत प्रदान गरेको छ । विभागका अनुसार गत आवमा ५२ वटा श्रमिक आपूर्तिकर्ता इजाजतपत्र प्रदान, तीन सय ६१ वटा नवीकरण, दुई वटा ट्रेड युनियन महासङ्घ दर्ता, १८ वटा ट्रेड युनियन दर्ता, ६१ वटा ट्रेड युनियन नवीकरणलगायतको काम सम्पन्न गरेको थियो । श्रम बजार लाई व्यवस्थितः मन्त्री भण्डारी

कार्यक्रममा श्रम मन्त्री भण्डारीले अनलाइन प्रणाली कार्यान्वयनमा आएसँगै नेपालको श्रम बजार व्यवस्थित र मर्यादित हुने बताउनुभयो । उहाँले सुशासनको अनुभूति दिन गरी सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउने उद्देश्यले अनलाइन प्रणाली सुरु गरिएको उहाँको भनाइ छ ।रासस

# निगमद्वारा दोस्रोचरणको 'टैंक ट्रक लकिङ' शुभारम्भ

वीरगञ्ज । नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले दोस्रो चरणको 'टैंक ट्रक लकिङ' सुरुआत गरेको छ । निगमको प्रादेशिक कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सिङ्गल लोड गरिएको तीन ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर सो कार्यको शुभारम्भ गर्नुभयो ।

डिपोदेखि पेट्रोल पम्पसम्म लिड सिल मात्र लगाएर पठाउँदै आएको निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जले शुक्रबारदेखि ट्याङ्करमा टैंक ट्रक लकिङ लगाएर पठाउन थालेको हो । ढुवानीका क्रममा हुने पेट्रोलियम पदार्थको चोरी नियन्त्रण गर्न र सुरक्षित ढुवानीका लागि ट्याङ्करमा टैंक ट्रक लकिङ सुरु गरिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराका प्रमुख विनितमणि उपाध्यायले जानकारी दिनुभयो ।

यसैबीच मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोसो चरणको करिब ४० प्रतिशतभन्दा बढी काम सकिएको छ । परियोजनाअन्तर्गत दोस्रो चरणको काम हालसम्म करिब ४० प्रतिशतभन्दा बढी सकिएको र बाँकी काम तीव्ररूपमा अघि बढेको प्रमुख उपाध्यायले जानकारी दिनुभयो ।

परियोजनाको दोस्रो चरण न्तर्गत भारतीय आयल निगमले बाराको अमलेखगञ्जस्थित डिपोमा चार हजार १०० किलो लिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, २५'० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पुर्ण स्वचालित लोडिङ्ग वे-रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माणका



*मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोसो चरणको करिब ४० प्रतिशतभन्दा बढी काम सकिएको छ । परियोजनाअन्तर्गत दोस्रो चरणको काम हालसम्म करिब ४० प्रतिशतभन्दा बढी सकिएको र बाँकी काम तीव्ररूपमा अघि बढेको छ ।*

भइरहेको प्रमुख उपाध्यायले बताउनुभयो ।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्टयाउने ओडब्ल्युएस सिस्टम तथा पिएमसीसी कक्ष निर्माणको काम अघि बढेको उहाँको भनाइ छ । सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्ने गरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले जनाएको छ । यसै परियोजनाअन्तर्गत निर्माण हुन लागेको दुई पेट्रोल ट्याङ्कमध्ये एउटा नेपाल आयत निगमले र अर्को ट्याङ्क भारतीय आयल निगमको लागतमा निर्माण भइरहेको छ ।

यस्तै पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमनले निर्माण गरिदिने सम्झौता भएको प्रमुख उपाध्यायको भनाइ छ । परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ । परियोजनाको दोस्रो चरणको सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलको समेत आयात हुने जनाएको छ ।

"एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता छ", प्रमुख उपाध्यायले भन्नुभयो, "आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीन वटै पदार्थको आयात पाइपलाइनबाटै हुन्छ ।" यो आयोजनाको काम यही वर्षको डिसेम्बरसम्ममा सकिने र नयाँ बर्ष २०२४ जनवरीदेखि पाइपलाइनबाटै पेट्रोलियम पदार्थको आयात हुनेछ, उहाँले भन्नुभयो ।

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ । नब्बे दिनका लागि इन्धन भण्डारण गर्ने सरकारको नीतिअनुसार नेपाल आयत निगमले थप पाँच/पाँच हजार किलोलिटर क्षमताको दुई वटा ट्याङ्क निर्माण अघि बढाएको उहाँले बताउनुभयो । रासस

# वरिष्ठ समाजसेवी रामचन्द्र साहको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । वरिष्ठ समाजसेवी रामचन्द्र साहको ९५ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको छ । जनकपुरधाम निर्माण तथा यहाँको शिक्षा र स्वास्थ्य क्षेत्रको पूर्वाधार विकासका लागि अर्बौ रकम बराबरको जग्गा, जिन्सी र नगद गरी योगदान पुऱ्याउनुभएको उनी रामसागर रामस्वरुप परिवारको ज्येष्ठ सदस्य थिए । विसं १९८५ रामनवमीका दिन जन्मनुभएका उहाँ राराब क्याम्पस र सरस्वती माध्यामिक संस्थापक पनि छन् ।

साहलाई श्रद्धाञ्जली दिन उहाँका जेठा छोरा ताराचन्द्र साहको मुजेलियास्थित निवासमा यहाँका ज्येष्ठ सदस्य, राजनीतिज्ञ, पत्रकार, समाजसेवीलगायतका मानुभाव पुगेका छन् । साहका माइला छोराई प्रकाशचन्द्र साह र कान्छा छोरा सुभाषचन्द्र साह पनि साथमै छन् ।

स्थानीय रामनगिना राउतले समाजसेवी साहको निधनले जनकपुरधामलाई ठूलो क्षति पुगेको बताए । समाजलाई विभिन्न माध्यमबाट पुऱ्याएका साहको योगदानको उचित मूल्याङ्कन गरी राज्यले सम्मान गर्नुपर्ने उनले धारणा राखे । श्रद्धाञ्जली अर्पणका लागि पुगेका जनकपुरधाम उपमहानगरपालिकाका पूर्वप्रमुख लालकिशोर साहले स्व साहले आधुनिक जनकपुरधामको जग बसाउने काम गरेको स्मरण गरे । जनकपुरधामलाई शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न पनि स्वर्गीय साहले विशेष योगदान दिएको पूर्वप्रमुख साहको भनाइ छ ।

स्व साहका भतिजा समेत रहेका धर्मसंस्था रामस्वरुप साह, रामसागर साह मिल्स एरिया जनकपुरधामका उपसभापति प्रभाकरप्रसाद साहले काका साहासिक व्यक्ति भएको बताए । "काकाले देखाएको हिम्मत र समाजसेवाप्रतिको लगनशिलता सबैका लागि प्रेरणाको स्रोत पनि हो, हामी सबैले अनुसरण गर्नेछौं", उनले भने । स्वर्गीय साहको पार्थीव शरीरलाई शुक्रबारै बेलुका रत्नसागर सरोवरस्थित स्वर्गद्वारीमा दाहसंस्कार गरिएको भतिज विद्याकर साहले जानकारी दिए ।

**स्व साह सभापति रहेको ट्रष्टले गरेको मुख्य दानहरु**

विसं २००१ मा भारु १० हजार एक नगद भारु र एक मन धान पुँजीसहित स्थापना भएको धर्मसंस्था रामस्वरुप साह, रामसागर साह मिल्स एरिया जनकपुरधाम (ट्रष्ट)ले जनकपुरधामका साथै धनुषा र यसक्षेत्रमा विभिन्न योगदान पुऱ्याएको छ ।रासस

# फोहर फ्याँक्नेमाथि सार्वजनिक मुद्दा चलाइने

वीरगन्ज । सडकमा जथाभावी फोहर फ्याँक्नेलाई आजदेखि वीरगन्ज महानगर पालिकाले जरिवानासँगै सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने भएको छ । महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याँक्नेलाई जरिवाना गर्दै आएको वीरगन्ज महानगरले शुक्रबारदेखि सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने भएको हो ।

महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फाल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्नेउपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फद्दिन मियाँले जानकारी दिनुभयो ।

"जथाभावी फोहर फ्याँक्नेसँग हामीले २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउँदै आएका छौं, अझै फोहर फाल्ने क्रम रोकिएको छैन्", उहाँले भन्नुभयो, "जरिवाना गर्दा फोहर फाल्ने केही कम त भएको छ, तर अपेक्षाकृत घटेको छैन ।



त्यसैले अब फोहर फाल्नेलाई जरिवानामात्रै होइन, सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेका छौं ।"

सरसफाइ शाखा प्रमुख मियाँका अनुसार हालसम्म जथाभावी फोहर फ्याँक्ने पाँच सय ७५ व्यक्ति र संस्थाबाट महानगरले रु १७ लाख ५४ हजार जरिवानावापत राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०७९/८० मा जरिवानाबाट रु १५ लाख ३६ हजार तथा चालु आव २०८०/८१ को साउनमा जरिवानावापत रु दुई लाख १८ हजार राजस्व सङ्कलन भएको छ ।

"घर, पसल र कार्यालयबाट निस्किने फोहर जतातत‌ै फ्याँक्ने स्थानीयमा प्रवृत्ति छ", उहाँले भन्नुभयो, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं ।" यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उहाँको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । महानगरपालिकोको वडा नं १ देखि ३२ वटै वडामा वीरगन्जस्थित पृथीतारा एमके इन्टरनेसनल जेभीसँग गत २०७६ जेठ २ सम्झौता गरी नियमित सरसफाइ गर्दै आएको छ । बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ भइरहेको छ । नालाको सरसफाइ महानगर आफैंले गर्छ भने सडकको सरसफाइ साझेदार संस्था पृथी तारा एनके इन्टरनेशन जेभीले गरिरहेको छ । रासस

# उच्चस्तरीय छानबिन आयोग गठन गर्न तयार भए गतिरोध अन्त्य हुन्छ : महासचिव पोखरेल

वीरगञ्ज । नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले सुन तस्करी प्रकरणलगायतका भ्रष्टाचारमा छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्न सरकार तयार भए सदनको गतिरोध अन्त्य हुने बताउनुभएको छ ।

प्रेस चौतारी पर्साले शुक्रबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले सुन तस्करी प्रकरणलगायतका विषयमा छानबिनका लागि आयोग गठन गर्न सत्तापक्ष तयार नहुँदा सदनको अवरुद्ध जारी रहेको उहाँको भनाइ छ ।

"हामीले कुनै जटिल वा अप्ठ्यारो माग राखेका छैनौं", उहाँले भन्नुभयो, "उच्चस्तरीय छानबिन आयोग बनाउन भनेका हौं, प्रतिपक्षको समान्य कुरासमेत सुन्न नचाहेकाले यस्तो परिस्थिति सृजना भएको छ ।" आफूहरूले उठाएका माग सम्बोधन गर्न तयार भए संसद् सञ्चालन हुने उहाँको भनाइ थियो ।

राज्यका सुरक्षा निकायप्रति आफूहरूको कुनै आशङ्का नरहेको उल्लेख गर्नुहुँदै महासचिव पोखरेल सुन तस्करी प्रकरणमा सत्तापक्षकै कतिपय ठूला नेताहरू मुछिएकाले घटनाको स्वच्छ र निष्पक्ष छानबिन हुनेमा आशङ्का उब्जिएकाले उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गरिएको स्पष्ट पार्नुभयो ।

दोषी नछुटोस् र निर्दोष नफसोस् भन्ने आफ्नो पार्टीको मान्यता रहेको बताउनुहुँदै ठूलो मात्रामा भित्रिएको सुनबारे सरकारले स्वच्छ, निष्पक्ष छानबिन गर्न दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस


## घर तथा सटर भाडाको लागि खाली

मिल्स एरिया शुभ चौक देखि जानकी मन्दिर जाने बाटोमा नयाँ फ्लैट पहिलो तल्लाको ठुलो कोठा-२, भन्सा घर-१, बाथरुम -२, पुजा कोठा-१, गेष्ट रुम-१, आधुनिक सुविधायुक्त भाडाको लागि घर खाली रहेकोले इच्छुक व्यक्ति निम्न नं. मा सम्पर्क गर्न अनुरोध छ ।

**सम्पर्क नं.** ९८१७६८५५११

**नोट**:- शाकाहारीलाई विशेष ग्राहायता दिनेछ ।


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आरती साहको दोषीलाई कारवाही गर्न ज्ञापन



**राकेश यादव**

गौर । आरती साहको हत्याको निष्पक्ष रुपमा छानबिन गरी कानुनी कारवाही गर्न माग गर्दै नेपाल स्वयम संघ मधेश प्रदेश समितिले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।

काठमाण्डुको माइतीघरमा न्यायको माग गर्दै ६४ दिन देखि आरती साहको परिवार आन्दोलन गर्दै आएको छ । सो क्रममा सरकारले माग सम्बोधन गर्नुको साटो प्रहरी प्रयोग गरेर दबाउन खोजेको प्रति आक्रोश जनाउदै महिलाको समबेदनशील अंग छुने पुरुष प्रहरीलाई कानुनी कारवाही गर्न माग गरेका छन् ।

नेपाल स्वयम् संघको मधेश प्रदेश फोकल पर्सन पूजा पाठकले प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रलाई बुझाएका ज्ञापन पत्रमा दाइजोको निहुमा हत्या गरिएको घटनालाई दवाउन प्रयास गरिएकोमा छानबिन गरी दोषी उपर कानुनी कारवाही गरी पीडित परिवारलाई न्यायको अनुभूति गराउन प्रधानमन्त्री संग आग्रह गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# दुर्गा प्रसाईको अभिव्यक्तिप्रति उद्योगीको आपत्ति

**टुडे समाचारदाता**

वीरगञ्ज । मारवाडी समुदायको बारेमा दुर्गा प्रसाईले दिएको अभिव्यक्तिको वीरगञ्ज उद्योग वाणिज्य संघले बिरोध गरेको छ । संघले एक प्रेस बिज्ञप्ति जारी गर्दै मेडिकल व्यवसायी दुर्गा प्रसाईले टेलिभिजन अन्तरवार्तामा "मारवाडी समुदायले अर्थतन्त्र तहस नहस तुल्याएको" लगायतका अवाञ्छित र गैरजिम्मेवार अभिव्यक्ति दिएको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मारवाडी समुदाय नेपालको औद्योगिकीक इतिहासमा अग्रभागमा रहदै उद्योग, व्यापार मार्फत् देशको अर्थतन्त्र, रोजगारी सृजना देखि सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, कला, खेलकुदमा महत्वपूर्ण योगदान पुर्याउदै आएको जनाइएको छ ।

जिवनका हरेक क्षेत्रमा आफ्नो महत्वपूर्ण एवम् उल्लेखनीय योगदान पुर्‍याउँदै आइरहेका मारवाडी समुदायले देशको उद्योग, व्यापारको विकास, विस्तार र प्रबर्द्धनमा राम्रो भूमिका निर्वहन गर्दै आइरहेको संघका अध्यक्ष अनिल कुमार अग्रवालद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ । मुलुकको सबै क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने समुदायलाई कदर गर्नुपर्नेमा ठिक विपरीत एक व्यवसायीले अर्का व्यवसायी समूदाय प्रति लक्षित गरी निकृष्ट अभिव्यक्ति दिने कार्य निन्दनीय भएको विज्ञप्तिमा उल्लेख छ ।

कुनै व्यक्ति, जात, समूह, समुदाय र सम्प्रदायप्रति लक्षित गरी नकारात्मक, अनर्गल, आधारहीन एवम् गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिने छुट नेपालको संविधानले कसैलाई नदिएको उल्लेख छ ।

एउटै विषय, एउटै कुरा, पटक पटक विभिन्न सञ्चार माध्यम मार्फत् प्रस्तुत गर्ने र मारवाडीले सबै सिध्यायो भन्ने अर्थहीन तथा बेतुकका कुरा गरेर सामाजिक सद्भावलाई बिथोल्न व्यापारी दुर्गा प्रसाईलाई कारवाही गर्नुपर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# न्यायकालागि जनता हुँदै सर्वोच्चसम्म जान्छु : यादव

**टुडे समाचारदाता**



राजविराज । विशेष आदलतमा मुद्दा परेर जरिवाना तोकिएका राजविराजका निलम्बित मेयर भिमराज यादवले आफू न्यायका लागि मतदातादेखी सर्वोच्च अदालतसम्म पुग्ने बताएका छन् ।

गत स्थानीय तहको निर्वाचनमा प्रतिद्वन्दी भन्दा दोब्बर मतले निर्वाचित भएका यादव बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा परेको भ्रष्टाचार मुद्दामा अघिल्लो दिन बिहीबार विशेष अदालतले २ लाख ६३ हजार ४ सय ६८ रुपैयाँ जरिवाना तोकेपछि उनको यस्तो प्रतिक्रिया दिएका छन् ।

शुक्रबार संचारकर्मीहरुसंग कुरा गर्दै उनले भने-'नखाएको विष लाग्यो ।" उनले आफू अन्यायमा परेको जिकिरका साथ न्यायका लागि जनता हुँदै सर्वोच्च अदालतसम्म जाने बताए ।

विशेष अदालतबाट भएको फैसला विरुद्ध सर्वोच्च जाने अधिकार सुरक्षित रहेकाले पुनरावेदनका लागि सर्वोच्च अदालत पुग्ने उनको भनाई छ । उनले सुरुवाती चरणमा नगर क्षेत्रका मतदाताको घर घर गएर सल्लाह सुझाव लिने र त्यसपछि सर्वोच्च अदालत पुग्ने योजना रहेको सुनाए ।

मेयरमा निर्वाचित हुनु अघि नै यादव संचालक रहेको न्यू गहिल कन्स्ट्रक्सनद्वारा आ.ब. २०७४/७५ मा राजरंगशालाको निर्माण कार्यमा अनियमितता भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनी बिरुद्ध २०७९ साल असार २९ गते विशेष अदालतमा आरोप पत्र दायर गरेको थियो ।

आरोपपत्र दायर हुनासाथ उनी निलम्बनमा परेका थिए । २०७९ जेठ ९ गते पदभार ग्रहण गरेको एक महिना २१ दिन नबित्दै भ्रष्टाचारको आरोप लागेका मेयर यादव निलम्बनमा परेका थिए । राजविराजस्थित राजरंगशाला स्तरोन्ती कार्यका लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र न्यू गहिल कन्स्ट्रक्सनबीच सम्झौता भएको थियो । आर्थिक वर्ष २०७४/२०७५ मा सो कन्स्ट्रक्सनका संचालक समेत रहेका नगर प्रमुख यादवले राजविराजस्थित राजरंगशालाको स्तरोन्नती कार्यमा भ्रष्टाचार गरेको आयोगको दाबी छ । उक्त निर्माण कम्पनीका संचालक रहेका यादवले निर्धारित शर्त तथा मापदण्ड (स्पेसिफिकेशन) विपरित कार्य गरि त्यस्तो कार्यलाई शर्त तथा मापदण्ड बमोजिम नै भएको भनि प्रमाणित र स्विकृत गराई २ लाख ६३ हजार ४ सय ६८ रुपैयाँ ४० पैसा बढी भुक्तानी लिएको आयोगको आरोपपत्रमा उल्लेख छ ।

यस्तै आयोगले उक्त प्रकरणमा तत्कालिन जिल्ला खेलकुद विकास समितिका अध्यक्ष एजेट न्यासुरले रंगशालाको स्तरोन्नती कार्यमा १३ लाख २७ हजार ४ सय ३०, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरुले २ लाख, जिल्ला खेलकुद विकास समितिका तत्कालिन प्रमुखहरु लक्ष्मण मण्डलले ५ लाख ६९ हजार ८ सय तथा महेन्द्र प्रसाद यादवले ५ लाख ६९ हजार ८ सय १० रुपैयाँ अनियमितता गरेको दाबी गर्दै सोही अनुसारको कैद सजाय र जरिवानाको माग गरेको थियो ।

त्यस्तै उक्त निर्माण कार्यमा प्राविधिकका रुपमा खटिएका तत्कालिन जिल्ला विकास समिति सप्तरीका इन्जिनियर विकास श्रेष्ठले १३ लाख २७ हजार ४ सय ३० र उदय निर्माण सेवाका संचालक उदय श्रेष्ठले १० लाख ६३ हजार ९ सय ६२ रुपैयाँ अनियमितता गरेको दाबी गर्दै आयोगले आरोप पत्रमार्फत उनीहरुलाई पनि सोही ऐन बमोजिम कैद र जरिवानाको माग दाबी गरेको थियो ।

सोही मुद्दाका प्रतिवादी जिल्ला समनवय समितिका इन्जिनियर श्रेष्ठलाई ६ महिना कैद तथा उदय निर्माण सेवाका संचालक श्रेष्ठलाई २ लाख ६३ हजार ४ सय ७० रुपैयाँ जरिवाना भराउन विशेष अदालतको आदेशमा उल्लेख छ । सोही मुद्दाका आरोपी जिल्ला खेलकुद विकास समितिका तत्कालिन अध्यक्ष एजेट न्यासुर, उपाध्यक्ष धिरेन्द्र बर्मा धिरु, कार्यालय प्रमुख लक्ष्मण मण्डल र नासु महेन्द्र यादवलाई भने विशेष अदालतले सफाई दिएको छ ।

# भारतको बिहारमा पत्रकारलाई गोली हानी हत्या

**अनिल तिवारी**



वीरगञ्ज । भारतको बिहारमा अपराधीहरुले एक युवा पत्रकारको हत्या गरेका छन् । अपराधीहरुले शुक्रबार दैनिक जागरणका स्थानीय सम्वाददाताको हत्या गरेका छन् । बिहारको अररिया रानीगंज बस्ने पत्रकार बिमल मण्डललाई बिहान घरमै पुगेर अपराधिहरुले गोली हाने पछि मृत्यु भएको छ । मण्डल घरमै सुतिरहेको अवस्थामा 'बिमल भैया, बिमल भैया'भन्दै डाकदा घरबाट निस्कने क्रममा अपराधीहरुले छातीमा गोली हानेको भारतीय संचार माध्यमहरु जनाएका छन् । गोलीलागे पछि मण्डलको घटना स्थलमै मृत्यु भएको छ ।

बिहारमा पत्रकार माथी आक्रमणको घटनाले चिन्तित बनाएको दैनिक जागरण मुज्जफरपुरका पत्रकार अमरेन्द्र तिवारीले बताए । उनले भने, 'विगतको एक बर्षमा क्रमबद्धरुपमा पत्रकारहरु अपराधीहरुको तगारो बन्दै गएका छन्, सितामढीमा अजय बिद्रोहिको हत्या, छपराको महराजगंज र बैशाली लगायत पत्रकार माथिको अक्रमणको घटनाले स्वतन्त्र पत्रकारितालाई ठूलो चुनौती उत्पन्न गरेको छ ।' मण्डलको हत्याको पत्रकारहरुका विभिन्न संघ सगठनहरुले बिरोध गर्दै अपराधीहरुलाई अविलम्ब कारवाही गर्न मांग गरेका छ्न । मीडिया फार बार्डर हार्मेनीका अध्यक्ष अमरेन्द्र तिवारीले एक बिज्ञप्ती जारी गरी पीड़ित परिवारको सुरक्षा, २५ लाख क्षतिपूर्ति र मृतक मण्डलका सन्तानलाई सरकारी खर्चमा अध्यन अध्यापनको व्यवस्था मिलाउन बिहार सरकारसंग मांग गरको छन् ।

मिडिया फर बोर्डर हार्मोनीका संरक्षक सांसद अजय निषादले बिहारमा पत्रकार माथिको आक्रमणको क्रमले संचारजगतलाई चिन्तीत बनाए बताउदै अपराधीहरुलाई अबिलम्ब पक्राउ गरि कानुनी दायरामा ल्याउन मांग गरे । उनले पत्रकार माथिको लगातरका अक्रमणको घटनालाई राज्य सरकारले निस्तेज पार्न आवश्यक कदम चल्नु पर्ने आवश्यकता रहेको बताए ।

# चेम्बर अफ कमर्स जितपुर बाराका अध्यक्षद्वारा टीभीएस शोरुम उद्घाटन

**टुडे समाचारदाता**



बारा । बाराको जीतपुर सिमरा उप महानगरपालिका वडा नम्बर ७ जीतपुरमा टीभीएस मोटरसाईकलकोशो रूमको सञ्चालनमा आएको छ । जीतपुरको स्वास्तिक ट्रेड एण्ड कन्सर्नले टीभीएसको अधिकारिक डिलर लिएरजीतपुरको पहाडी टोलमा शोरूम सञ्चालन गरेको छ ।

जीतपुरमा टीभीएसको आधिकारिक विक्रेता स्वास्तिक ट्रेड एण्ड कन्सर्नले एक कार्यक्रम आयोजना गरेरशो रूम सञ्चालन गरेको छ । जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले रिबन काटेर शोरूमकोउद्घाट गरेका थिए । अध्यक्ष शर्माले शो रूमको उद्घाटन गर्दै संचालक र टीभीएस टिमलाई व्यवसायको सफलताको शुभकामना दिएका थिए ।

करिब २ करोड २५ लाखको लागतमा संचालनमा आएको टीभीएस मोटरसाईकलको आधिकारिक विक्रेता स्वास्तिक ट्रेड एण्ड कन्सर्न जीतपुरका संचालक किरन पुरीले बताए । उनका अनुसार जीतपुरको टीभीएसको शो रूममा नयाँ मोटरसाईल, स्कुटी, पार्टसर सर्भिसिङ लगायतका सम्पूर्ण कामहरू हुने जनाइएको छ ।

# ईन्टरलकिङ्ग ईट्टाको प्रयोग र महत्वको बिषयमा अन्तरक्रिया

**टुडे समाचारदाता**



बारा । ईन्टरलकिङ्ग ईट्टाको प्रयोग र महत्वको बिषयमा जानकारी दिने उद्देश्यले जीतपुरसिमरा उपमहानगरपालिकामा अन्तरक्रिया सम्पन्न भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका स्थित गरिबी निवारणकोलागि लघु उद्यमी बिकास कार्यक्रम (मेडपा)को आयोजना र बिल्ड अप नेपाल ईन्जिनियरिंगको सहकार्यमा उपमहानगरपलिकाको सभा हलमा अन्तरक्रिया भएको हो ।

बिल्ड अप नेपाल ईन्जिनियरिंगको सब ईन्जिनीयर राजकुमार लिम्बुले ईन्टरलकिङ्ग ईट्टाले बनाएको घरको आयु रातो ईट्टा भन्दा बढी हुने गरेको दाबी गरे । ईन्टरलकिङ्ग ईट्टाले घर बनाउँदा आर्थिक रुपले रातो ईट्टाले बनाएको घर भन्दा २५ देखि ३५ प्रतिशत कम लागतमा बनाउँन सक्ने जानकारी दिए । यो ईट्टा बाताबर मैत्री र अत्याधिक भूकम्प प्रतिरोधी भएकाले यसको प्रयोग गर्नुपर्नेमा जोड दिए । ईन्टरलकिङ्ग ईट्टाको आयु कंक्रिटको आयु जतिकै ७५ बर्ष भन्दा बढी हुने गरेको सब ईन्जिनीयर लिम्बुले बताए ।

मेडपाका दिपनारायण रायले थौरै पुँजी लगाएर चाडै उत्पादन गर्न सक्ने ईन्टरलकिङ्ग ईट्टाको ब्यवसाय भएकाले लघु उद्यमीहरु यसतर्फ आकर्षित भईरहेको बताए । अन्तरक्रियामा ईन्जिनीयर , निर्माण ब्यवसायी ,लघु उद्यमी ,सञ्चारकर्मी ,डकर्मी ,शिक्षा प्रेमी लगायतको सहभागिता रहेको थियो। बिल्ड अप नेपाल ईन्जिनीयरिंगले ईन्टरलकिङ्ग ईट्टा प्रबिधिको प्रबर्धनकोलागि काम गरिरहेको छ।

ईन्टरलकिङ्ग ईट्टाबाट नेपालमा १ देखि ४ तल्ला सम्मका घर ८ हजार भन्दा बढी बनेको बिल्ड अप नेपाल ईन्जिनियरिंगले दाबी गरेको छ।

यो ईट्टा नेपाल सरकारद्धारा प्रमाणित हुनुको साथै भारत ,थाईल्याण्ड ,न्युजिल्याण्ड , अमेरिका र अन्य अफ्रिकी देशहरुमा यसको ब्यापक माग रहेको बिल्ड अप नेपालका बिक्री तथा ब्यवसाय बिकास शाखाका सुस्मीता चित्रकारले जानकारी दिनुभयो। जीतपुरसिमरा उपमहानगर पालिकामा दुई जना लघु उद्यमीले यो ब्यवसाय अपनाएको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ।

# सिटिजन्स बैंक र बिराट मेडिकल बीच समझदारी

Citizens Bank

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड रभोटेपुल, धरान स्थित बिराट मेडिकल सेन्टर प्रा.लि.बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहक ग्राहकहरूले बिराट मेडिकल सेन्टरका बिभिन्न सेवाहरुमा ५०% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुकासाथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुनेविश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्गमाध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहनगर्न समय समयमा ग्राहकमैती सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४७ वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १६ लाख ३१ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# नेपाल आयल निगमको टयाङ्करमा टैन्कट्रक लक

**रञ्जन यादव**

बारा। पेट्रोल र डिजेल बोकेर ओसार पोसार हुने टयाङ्कर



बाट हुने चोरीको घट्ना कम गर्न नेपाल आयल निगमको मधेश प्रदेश प्रादेशिक कार्यालय अमलेखगञ्जले टैन्कट्रक लकिङ प्रणाली सञ्चालनमा ल्याएको छ।

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले नेपाल आयल निगमको मधेश प्रदेशको प्रादेशिक कार्यालय अमलेखगञ्जकै कार्यालय परिसर भित्र टैन्क ट्रक लकिङको उद्घाटन गरे । नेपाल आयल निगमले निजी तथा साझा टैन्करमा ताल्चा लगाई पेट्रोलियम पदार्थ चुहावटमा नियन्त्रण गर्ने उद्देश्यले दोश्रो चरनणको टैंक ट्रक लकिङको उद्घाटन गरिएको नेपाल आयल निगमको प्रादेशिक कार्यालय अमलेखगञ्ज डिपो प्रमुख बिनित मनि उपाध्यायले बताए। पहिलो चरणको टैंक ट्रक लकिङको २०७५ साल बाट नेपाल आयल निगमको मधेश प्रदेश प्रादेशिक कार्यालय अमलेखगञ्जमा संचालनमा ल्याईएको थियो । दोश्रो चरणको टैंक ट्रक लकिङ सुचारु भए सँगै अब देखि जथाभावी रुपमा पेट्रोल, डिजेल बोकेको टैंकरमा हुने गरेको चोरीको घटना कम हुने बिशवास गरिएको छ।

प्राधिकरणको ३८औँ वार्षिकोत्सव

# गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउने चुनौती

काठमाण्डु । मुलुकलाई ऊर्जामा आत्मनिर्भर बनाउँदै आम उपभोक्तालाई नियमित, भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराई स्वदेशमा खपत हुन नसकी बढी भएको विद्युत् निर्यात गर्ने दिशामा नेपाल विद्युत् प्राधिकरण क्रियाशील भएर लागेको छ । लोडसेडिङको अन्त्य, भारतमा विद्युत् निर्यात तथा केही ठूला आयोजना अगाडि बढाइरहेको प्राधिकरणलाई यतिबेला नियमित र गुणस्तरीय विद्युत् प्रवाह गर्नुपर्ने आवश्यकता छ। पटक-पटक बिजुली काटिने समस्याका कारण उपभोक्ताले सास्ती पाइरहेका बेला प्राधिकरणले आज ३८औँ वार्षिकोत्सव मनाउँदैछ। लगातार बढ्दै गएका ग्राहकलाई गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने दायित्व तथा औद्योगिकीकरणमा जोड दिनुपर्ने आवश्यकताबीच प्राधिकरणले अझै जिम्मेवार भएर नयाँ योजना र कार्यक्रम अगाडि बढाउनुपर्नेछ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ गुणस्तरीय र भरपर्दो विद्युत् सेवा प्रवाहका कारण वितरण प्रसारण प्रणालीको निर्माण, सबस्टेशनको निर्माण तथा आधुनिकीकरण प्रमख प्राथमिकतामा रहेको बताउनुहुन्छ । आर्थिक वर्ष २०७८/७९ मा ४७ लाख ७० हजार ग्राहक रहेकामा आव २०७९/८० मा सात दशमलव सात प्रतिशतले वृद्धि भई ५१ लाख ३० हजार पुगेका छन् । सामुदायिक ग्रामीण विद्युतीकरणबाट विद्युत् सेवा उपभोग गरिरहेका पाँच लाख १० हजार ग्राहकसहित राष्ट्रिय ग्रीडबाट विद्युत् सेवा उपभोग गर्ने ग्राहकको सङ्ख्या ५६ लाख ४० हजार पुगेको छ ।

हाल राष्ट्रिय ग्रीडको पहुँचबाट ९५ प्रतिशत र साना तथा लघुजलविद्युत् आयोजना एवं सौर्य विद्युत्बाट तीन प्रतिशत गरी जम्मा ९८ प्रतिशत जनताले विद्युत् सेवा प्राप्गरिरहेका छन्। स्वच्छ ऊर्जाको पहुँचमा नेपालले गरेको प्रगति दक्षिण एसियाली देशको तुलनामा अब्बल छ । आगामी दुई वर्षभित्र सम्पूर्ण नेपालीसामु विद्युत्को पहुँच पुर्‍याउने गरी वितरण प्रणाली निर्माण अगाडि बढाइएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## रक्षा बंधन

तोहर हमर नाता सम्बंध
नै टुटतै बहिन
जिनगी भरि हमर साथ नै
छुट्तौ बहिन
ई भैया तोहर कोनो कठिन
अवस्था मे साथ दिअ लेल तैयार
रहतौ बहिन
हम विदेश मे छि त कि भेलै बहिन
ई भैया तोहर याद सदैव करै छौ
बहिन
ई सालक राखी मे नै छुट्टी भेटल
दोसर साल त जरूर एबौ बहिन



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## झोले विधार्थी नेता र म मा फर्क

तिमी नेता भेट म पिडित जनता संग भेट्छु।
तिमी नेतालाई कहीं आउँदा बधाई देऊ,
म पिडित जनता संग काधमा काध मिलाएर अघि बढ्छु।
तिमीले दोषीलाई ढाकछोप गरौँ,
म उलाई उमालिने गर्छु।
तिमी झुठोको सहारा लेऊ,
म सत्य सँग लड्छु।
तिम्रो सहारा कुनै फटाहा नेता होला,
मेरो सहारा पिडित जनताको छोराछोरी होला।
तिमी नेतालाई बाउ सरह मानी माला लगाउ,
म पिडित सँग बसेर आँशु नबगिने मलहम लगाउँला।
तिमी म संग केहि लिन सकिदैनौं किन भन्ने म एकलै छु काफी छु।
तिमी नेताको पछि हाउहाउ गर ,
म पिडित जनताको अगाडि बाट भाउभाउ गर्छु।



**अजय यादव (स. वि कान्छा दाई)**
**जनकपुरधाम ४ पिडरियामाई थान**

## जीवन तिम्रो नामको

यो फुल तिम्रो नामको सुवास तिम्रो नामको।
यो धर्ती तिम्रो नामको आकाश गंगा तिम्रो नामको।
कसरी आश बाच्चु जिउन यो जिन्दगी तिम्रो नामको।
कसरी आश बाच्चु जिउन यो जिन्दगी तिम्रो नामको।
यो फुल तिम्रो नामको सुवास तिम्रो नामको।
यो धर्ती तिम्रो नामको आकाश गंगा तिम्रो नामको।
म हेरेको सपना र विपना तिम्रो नामको।
म हेरेको सपना र विपना तिम्रो नामको।
यो फुल तिम्रो नामको सुवास तिम्रो नामको।
यो धर्ती तिम्रो नामको आकाश गंगा तिम्रो नामको।
म मरे पनि म बाँचे पनि तिम्रै हु।
म मरे पनि म बाँचे पनि तिम्रै हु।
यो फुल तिम्रो नामको सुवास तिम्रो नामको।
यो धर्ती तिम्रो नामको आकाश गंगा तिम्रो नामको।



**लेखकः- आई.पी. रुपेश महतो**
**सन्दर्भ सामग्रीः- विकल्प श्रेष्ठ**
**ठेगानाः-माधवनारायण न पा -३ सखुअवा, रौतहट**

## हम नेपालिन

गद गद पुआ दुधक खुआ चले जनकपुर धाम गए,
गंगा सागर नहाक' खाएब पूजब सिताराम गए,
कोइ सखि कोशी बनी ह'हैहैं, कोइ सखी कमला कलकल बहिहैं
हमरा भैयाकैं पर्वत सन धुआ, दुनियाँके ललचैहैं
उड़ै'छै रुवाँ ओढ़नी बनि, अन्हरियामें भग्जोग्नी बनी
आँखी चिल्मिल चहूँओर झिल्मिल हरियर साड़ी पेढ़िहैं
लह लह सगरे छाती उपर गुराँस बनि - बनि फुलिहैं
पत्ता-पत्ता सीयब बहिना, मिल जुलिक' जीयब अहिना
हम मधेसीन तौं पहाडीन 'नेपालिन' कहबैहैं
ओ सन्देश, अइ गौतम बुद्धकैं दुनियाँ भरि छिरियबिहैं
अइ धर्तीपर सजल धजल ई तपोभूमि नेपाल गए
सुर्य चन्द्र ओ ध्वजा बिराजै निल ओठ देह लाल गए
चौरी-चाँचर भरल पुरल अइ डेग-डेग पर गौसाल गए
र'जा जनकजी हल चलाबए देहमें लगबए थाल गए



**विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**अर्नमा -३ लाल्पुर चौक**

# 'पशुपति प्रसाद २ : भष्मे डन' पोस्टरमा विपिन भष्मे डन, स्वस्तिमा दुर्गामाता

काठमाण्डु । शुक्रबार बिहान फिल्म 'एक भगवत् गीता'को पोस्टर सार्वजनिक भयो । जहाँ अभिनेता विपिन कार्की ट्रान्सजेन्ड लुक्समा प्रस्तुत छन् । यसैक्रममा, उनको मुख्य भूमिका रहेको अर्को फिल्म ' पशुपति प्रसाद २ : भष्मे डन'को पनि क्यारेक्टर पोस्टर सार्वजनिक भएको छ, जहाँ उनी भष्मे डनको चरित्रमा देखिएका छन् । त्यसो त सुटिङकै बेला विपिनको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको थियो ।

पोस्टरमा अभिनेत्री स्वस्तिमा खड्का दुर्गामाताको अवतारमा चित्रित छिन् । उनको लुक्स दमदार देखिन्छ । त्यस्तै, अभिनेता सौगात मल्ल टाउकोमा फेटा बाँधेर रिसाहा लुक्समा देखिएका छन् । पोस्टरमा कलाकारहरु रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखकलाई पनि ठाउँ दिइएको छ । कलाकारहरुको लुक्स र गेटअपले फिल्मप्रति दर्शकको चासो बढाउन सक्छ । पशुपति प्रसादको मृत्यु पश्चात पशुपति क्षेत्रमा आफ्नो अस्तित्व स्थापित गर्न संघर्षरत भष्मे डनको जीवनमा एउटा रोमाञ्चक पात्रको प्रवेशपछि सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म केन्द्रित रहेको जनाइएको छ । खगेन्द्र लामिछाने निर्माता र लेखक रहेको यस फिल्ममा मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहालको पनि अभिनय छ ।

खगेन्द्र लामिछाने र वर्षा सिवाकोटीको पनि विशेष भूमिका रहेको फिल्मको एक गीतमा आँचल शर्मा र निश्चल खड्का देखिनेछन् । निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत रहेको फिल्म टुकी आर्टस्को ब्यानरमा निर्माण भएको छ । यो सात वर्षअघि प्रदर्शन भएको 'पशुपति प्रसाद'को चरित्र केन्द्रित सिक्वेल हो ।

## गजल

आफै मुर्ति चोर्ने पुजारी ,कती देखेको छु
छोरी चेलि बेच्ने व्यापारी ,कती देखेको छु।
दक्षयुवा पर्देश लाग्छन जागिर कतै नपाएर
ओठाछापलाई रोजगारी,कती देखेको छु।
अस्हमति निउ पारेर पाले पालो देश लुट्न
पार्टी ,नेताहरुको जुवारी, कतीदेखेको छु।
छोरा बिदेश लागेपछि बुहारी सहर झरिन
बाझो भाको खेतवारी ,कती देखेको छु।
न गर्नु घमण्ड धनको खालिहात जानू छ
महल बाट भिखारी ,कती देखेको छु।
रक्षक नै भक्षक हुन्ने रेर्छ विस्वास याहां
छोरी कै बा बलत्कारी ,कती देखेको छु।

**नामः राकेश कु मण्डल**
**ठेगाना : धनुषा धाम नःपाः घ धनुषा**

## रितु

सबै रितु समान लाग्थ्यो मलाइ तब
जब तिता मिठा कुरा हुन्थ्यो उ सँग दिनहुँ
परिवर्तनशील छ रितु लाग्छ मलाइ अब
जहिले देखि टाढिइन मायालु म बाट
थाह पाए जहिले उसको हुदैछ लगन गाँठो कहिं
पत्याए म हुदो रहेछ परिवर्तन हरदिन रितु
बिर्सिन मैले उसलाई आश लिइ यो कि
मायाको होला परिवर्तन एक दिन
रितु परिवर्तन भए झै सबै दिन



**प्रमोद राम**
**जनकपुर ९**

## आत्मपुकार

विवशताको विष पिलाइ रहरलाई मारैं।
संसारसँग जितैं तर परिस्थितिसँग हारैं।।
पीडाको बर्षामा संघर्षको छाता ओढि।
बोकि जिम्मेवारी रहेछु लक्ष्यतर्फ बढि।।
रहर छन् तर रमाउने छैन कुनै सहर।
आश छ तर जिउँने छैन कुनै अवसर।।
गरिबी अन्धकारले छ भरेको जीवन।
सुखद प्रकाश ल्याउने नै मेरो स्वपन।।
निरन्तर गर्छु मिहिनेत बढाइ हिम्मत।
एकदिन हुनेछु सफल हट्नेछ विपत।।
चाहिदैन मलाई साथ कसैको सहारा।
चम्कन्छु आफै बनि सुर्यझै तेज तारा।।
पानी न भेट्दा तिर्खालु प्राण छुट्छ नै।
निद पुरा नहुँदा सुनौलो स्वपन टुट्छ नै।।
बनी वीरयोद्धा घोर जिन्दगीको जङ्गमा।
म लड्छु अन्ततः रक्त पसिनाको रङ्गमा।।



**लेखक : राम मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१**
**सिनुरजोडा, धनुषा, नेपाल।**

## 'लोक सेवासा पिडित'

कि कहु कहलो नइँ जाइए ‼
मनक पीडा सहलो नइँ जाइए ‼
निजामती नोकरी लइयेक छोडि सकै छी ‼
पास करब, कहैत कहैत पास नइँ कऽसकै छी ‼
बहुत दिनसँ मेहनत आ परिश्रम केलौँ ‼
संघ आ ७ प्रदेशक परिक्षा सेहो देलौँ ‼
दिनराइत बेरोजगारीक आइगमे जरि रहल छी ‼
पास करब, कहैत कहैत पास नइँ कऽसकै छी ‼
बाबुजी खाँडि देशमे खुन पसिना बहबैए ‼
माताजी घैंटक हसुली बेचि पढ्बैए ‼
निरन्तर ५ वर्षसँ लोक सेवा परिक्षा दऽरहल छी ‼
पास करब , कहैत कहैत पास नइँ कऽसकै छी ‼
बेर बेर लोक सेवाक पाठ्यक्रम बदलऽ लागल ‼
पाठ्यांश आ पाठ्यपुस्तक बोझ लागऽ लागल ‼
सदिखन लोक सेवाक मन्तर जपि पढि रहल छी ‼
पास करब, कहैत कहैत पास नइँ कऽसकै छी ‼
नोकरी आ बियाह कहिया हेतौ गाममे सब कियो कहैए ‼
सबसँ कमजोर, भुस्कोल आ बकलोल सम्झैए ‼
हमराप परिवारक भरोसा अछि, मरि नइँ सकै छी ‼
एतेक दिन लोक सेवामे बितेलौँ, छोडि नइँ सकै छी ‼



**लेखक : फूलगेन महरा**
**ठेगाना : सिरहा नगरपालिका वार्ड नं. ७ (राज महिसोथा)**
**(सु.स.मो.या.बहुमुखी क्याम्पस सिरहा )**

# शोभितको शैली : परिवारलाई नै उतारे 'जय हो' को प्रचारमा

काठमाण्डु । निर्देशक शोभित बस्नेतले निर्माण गरेको फिल्म 'जय हो' यही भदौ ८ गतेबाट प्रदर्शनमा आउँदैछ । आफ्ना हरेक फिल्मको प्रचारमा साम, दाम, दण्ड, भेद सबै प्रयोग गर्ने उनले यसपटक पनि कुनै कसर छाडेका छैनन् । अब उनले फिल्मको प्रचारमा छोरी सलिना बस्नेत र बुहारी करिश्मा केसीलाई समेत अगाडि सारेका छन् । त्यसो त उनीहरुले टिकटकमार्फत् फिल्मको प्रचार गरिरहेकै थिए ।

शुक्रबार चुच्चेपाटीस्थित मनास्लु कलेजमा फिल्मको प्रचार गर्न निर्देशक बस्नेत छोरा तथा अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारीसँगै छोरी र बुहारीलाई पनि साथमा लिएर पुगेका थिए । उनीहरुले कलेजका विद्यार्थीहरुलाई फिल्म हेर्न आग्रह गरे । सो अवसरमा सलोनले 'जय हो'मा समावेश आफ्नै शब्द, संगीत तथा स्वरमा रहेको 'सपनाको वेडिङ' गीत समेत गाएर सुनाएका थिए । सलिना अष्ट्रेलिया बस्छिन् । फिल्मको प्रचारकै खातिर छोरी नेपाल आएको शोभित बताउँछन् । त्यस्तै, एयर होस्टेस रहेकी करिश्मा अबको केही दिन प्रचारमा हिँड्ने बताइएको छ । शोभितका भाई तथा कलाकार जयकिशन बस्नेत पनि फिल्मको गीतमा टिकटक बनाउनेदेखि अन्तर्वार्तामा फिल्मबारे बोल्दै हिँडिरहेका छन् । अर्थात्, शोभितले 'जय हो'को प्रचारमा परिवारलाई नै उतारेका छन् ।



टेक पौरखी राई निर्देशित फिल्ममा सुरज ल्वागन (सरकार) र राज के अधिकारीको संयुक्त लगानी छ । सलोन सलिना फिल्म्सको ब्यानरमा बनेको फिल्ममा केकी र सलोनका अलावा माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय छ । यसमा सुरेश न्यौपानेको लेखन, सौरभ लामाको छायांकन, सम्राट बस्नेतको द्वन्द्व र बनिश शाहको सम्पादन छ ।

# पोस्टरको कुनामा राखिएकोप्रति वर्षा भन्छिन्, 'चित्त दुखाई छैन'

काठमाण्डु । फिल्मको प्रचार सामाग्रीमा कलाकारलाई दिइने स्थानले ठूलो अर्थ राख्छ । फिल्ममा मुख्य भूमिकामा रहेको कलाकारलाई ट्रेलरमा झलाकझुलुक र पोस्टरमा कुनामा राख्दा मेकरको नियतमाथि प्रश्न उठ्छ । कतिपय फिल्मको प्रचार यिनै कारणले समेत प्रभावित भएका छन् । आफूलाई उचित स्थान नदिएको भन्दै कलाकार प्रचारमा नहिँडिदिँदा टिमभित्र मनमुटावको स्थिति सृजना हुने गर्छ ।




भदौ १४ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ऐंचो पैंचो'मा अभिनेत्री वर्षा राउतको धेरै रोल काटिएको र महत्त्वपूर्ण पोस्टरमा आफ्नो फोटो सबैभन्दा कुनामा राखिएकोप्रति उनी निर्देशक तथा निर्मात्री कृषा चौलागाईँसँग असन्तुष्ट रहेको भन्दै मिडियामा व्यापक चर्चा भैरहेको छ । सोमबार यो फिल्मको ट्रेलर रिलिज कार्यक्रममा वर्षा अनुपस्थित भएपछि चर्चाको आगोमा झनै घिउँ थप्ने काम गऱ्यो । ट्रेलर सार्वजनिकपछि फिल्मको प्रचारमा सक्रिय रहेकी वर्षाले मेकरसँग आफ्नो केही चित्त दुखाई भए सिधै भन्न सक्ने बताएकी छन् । यसका लागि आफूले मिडियाको माध्यम नखोज्ने उनको भनाई छ । उनी भन्छिन्, 'मैले कसैसँग केही भनेको पनि छैन । कसैसँग चित्त दुखाई पनि होइन । मेरो केही गुनासो भएको भए सिधै मेकरलाई नै भन्छु । यसका लागि मिडियाको माध्यमबाट जानु पर्दैन ।'

निर्देशक र कलाकारसँग आफ्नो नराम्रो सम्बन्ध नरहेको समेत उनको दाबी छ । पोस्टरलाई हेरेर फिल्मको मुल्यांकन नगर्न उनको आग्रह छ । अभिनेत्री स्वस्तिमा खड्का भने पोस्टरमा वर्षालाई कुनामा राखेको विषयमा भैरहेको चर्चालाई पितृसत्तात्मक सोचको कारण मान्छिन् । वर्षाको ठाउँमा पुरुष कलाकार भएको भए पोस्टरमा किन पछाडि राखेको भनेर कसैले नभन्ने उनको धारणा छ ।

# 'एक भगवत् गीता' पोस्टरमा रोमान्टिक धिरज र सुहाना, विपिनको ट्रान्सजेन्डर लुक्स

काठमाण्डु । आगामी भदौ २९ गतेबाट प्रदर्शन हुने तयारीमा रहेको झरना थापाद्वारा निर्देशित फिल्म 'एक भगवत् गीता' दुईवटा कारणले चर्चामा छ ।

एउटा, अभिनेता विपिन कार्कीको ट्रान्सजेन्डर लुक्स । गत महिना सार्वजनिक भएको टिजरमा उनको कमलामाई अवतारले दर्शकलाई ठूलो 'सरप्राइज' दिएको छ । दोस्रो, पहिलोचोटी अभिनेता धिरज मगर र अभिनेत्री सुहाना थापाको जोडी बाँधिएको छ ।

यसबीच, शुक्रबार फिल्मको 'क्यारेक्टर लुक्स' पोस्टर सार्वजनिक गरिएको छ । जसमा धिरज र सुहाना रोमान्टिक अवतारमा प्रस्तुत छन् ।

पोस्टरमा धिरज गुरुङ पहिरनमा चित्रित छन् । यसबाट उनको चरित्र गुरुङ समुदायको रहेको बुझ्न सकिन्छ । सुहानाको लुक्स र गेटअपले भने मधेशी समुदायको झल्को दिन्छ । त्यस्तै, पोस्टरमा विपिन ट्रान्स वुमन (ट्रान्सजेन्डर)को लुक्समा प्रस्तुत छन् ।

अन्तरजातीय प्रेमकथामा आधारित यो फिल्ममा कबीर खड्का, जेविस/जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुरको पनि अभिनय छ । सुनिल कुमार थापाको निर्माण रहेको फिल्मको कथा निर्देशक थापा स्वयंको हो । झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको फिल्ममा परिक्षेद र पुरुषोत्तमको संवाद छ ।

राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर रहेको फिल्मको निर्मातामा सुहाना थापा छिन् । छायांकन सुरु हुँदा फिल्मको नाम 'भगवत् गीता' मात्र थियो । झरनालाई ' ए' शब्द फापिरहेकाले फिल्ममा 'एक' शब्द थपिएको हो । उनी निर्देशित 'ए मेरो हजुर'का तीनवटै सिरिज सफल छन् ।

# 'जुलेबी' र 'हिँड्दा हिँड्दै' गुमनाम रिलिज

काठमाण्डु । फिल्म दर्शकका लागि बनाइन्छ । दर्शकले फिल्म हेरिदिए निर्माताको हातमा धेर थोर पैसा पर्ने हो । दर्शकको भीड हलसम्म ल्याउन फिल्मबारे जानकारी पुऱ्याउन सक्नुपर्छ । त्यसका लागि प्रचार जरुरी छ । किनकि, पीठो त बोल्नेकै बिक्ने हो । प्रचारबिना प्रदर्शन भएका फिल्म एक रेक्टरका भूकम्प जस्ता हुन्छन्, आएको/गएकै पत्तो नहुने । र, हलमा फिल्म दर्शकले कम, कुर्सीले बढी हेर्छन् । शुक्रबार बाट दुई नेपाली फिल्म 'जुलेबी' र 'हिँड्दा हिँड्दे' प्रदर्शनमा उत्रिएका छन् तर, गुमनाम हिसाबले ।

दुवै फिल्मका निर्माताले प्रचारमा खासै रुचि देखाएनन् । 'जुलेबी'ले थोरबहुत प्रचार त गऱ्यो तर प्रभावविहीन । सम्भवतः फिल्मको टिमलाई मात्र रिलिजबारे जानकारी भयो । 'हिँड्दा हिँड्दै'को त त्यति पनि भएन । फलतः यी दुईवटै फिल्मको बिहानी शोको अकुपेन्सी अत्यन्त दयनीय छ । ट्रेलर, टिजर, पोस्टर र गीतले पनि फिल्मको धेरथोर प्रचार गर्छ । दर्शकलाई हलसम्म तान्ने शक्तिशाली हतियार यिनै हुन् ।

'जुलेबी' र 'हिँड्दा हिँड्दै' यसमा पनि चुकेको देखिन्छ । दुवै फिल्मको युट्युबमा सार्वजनिक प्रायः कन्टेन्टको भ्यूज एउटा साधारण म्यूजिक भिडियोको जत्ति पनि छैन ।

# भ्रष्टाचारविरुद्धको अभियानमा निर्दोष फस्दैन, दोषी उम्कदैन : उपप्रधानमन्त्री श्रेष्ठ



गोरखा । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले सुरुआत गरेको भ्रष्टाचार विरुद्धको अभियानमा कोही निर्दोष नफस्ने र कोही पनि दोषी उम्कन नसक्ने बताउनुभएको छ । गोरखाको अजिरकोट गाउँपालिका-३, भच्चेकस्थित भच्चेक आधारभूत अस्पतालको शुक्रबार उद्घाटन गर्नुहुँदै उहाँले वर्तमान सरकार रहुञ्जेलसम्म भ्रष्टाचारविरुद्धको अभियान नरोकिने बताउनुभएको हो ।

“कोही निर्दोष पस्ने काम हुँदैन”, उहाँले भन्नुभयो, “तर कोही दोषी र अपराधीलाई छोड्ने काम पनि हुँदैन, जुन दिनसम्म सरकार रहन्छ त्यति बेलासम्म सुशासनको अभियानलाई सरकारले अझ प्रभावकारी रूपमा निरन्तर अगाडि बढाउनेछ ।” उहाँले अपराध गर्नेलाई अनुसन्धान गरेर तथ्य प्रमाणका आधारमा कानुनको दायरामा ल्याएर दण्डित गरेरै छाड्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

“आम मिटरब्याजी पीडित जनतालाई न्याय दिन मिटर ब्याजीविरुद्धको अभियान पनि चल्दैछ, गृहमन्त्री श्रेष्ठले भन्नुभयो, “जतिजति सुशासनको अभियान चल्दैछ र जनताको पक्षमा काम हुँदैछ, त्यतित्यति नै भ्रष्टाचारी र तस्कर आत्तिएर सरकारलाई अगाडि बढ्न नदिन, भाँजो हालेर रोक्नका लागि विभिन्न षडयन्त्र गरिरहेका छन् ।” उहाँले राम्रो काम गर्दा खराब प्रवृत्तिका विरुद्धमा जुध्नुपर्छ भन्ने कुरा आफूहरूले राम्रोसँग बुझेको बताउनुभयो ।

“सरकारले राम्रो काम गर्न थालेपछि नराम्रो काम गर्नेले त्यसलाई सहजै अगाडि बढ्न दिँदैनन्”, उहाँले भन्नुभयो, “यो नियम नै हो, यसकारण अहिले दलाल, ठग, भ्रष्टाचारी र तस्कर छटपटियो तिनका संरक्षक सल्बलायो, सरकारलाई अप्ठेरो पाऱ्यो भनेर तै चुपमै चुप भएर बस्ने पक्षमा सरकार छैन, त्यसरी हामी बस्दैनौं ।”

गृहमन्त्री श्रेष्ठले राजनीतिक परिवर्तनपछि देशमा शान्ति, सुरक्षा, अमनचयन कायम गर्ने र आमनागरिकको दैनिक जीवनका आवश्यकता पूरा गर्दै आनन्दले बाँच्न पाउने गरी जनताले नयाँ जीवनको अनुभूति गर्ने खालको समाज रुपान्तरण गर्न चाहेको बताउनुभयो ।

“अब नागरिकले आनन्दले बाँच्न पाइयो, दैनिक जीवनका आवश्यकता पूरा पनि भयो र हामीले नयाँ जीवन पायौं भनेर अनुभूति गर्न पाओस्”, उहाँले भन्नुभयो, “भ्रष्ट, अपराधी, दलाल र तस्करले भने अब हाम्रा दिन गएछ भनेर बुझ्ने दिन आओस्, हामी त्यस्तो देश बनाउन चाहान्छौं ।” उहाँले सङ्घीय सरकारले देशको सामाजिक र आर्थिक क्षेत्रको रुपान्तरणका लागि सुशासन र सम्बृद्धिको अभियानलाई केन्द्रविन्दु राखेर अघि बढेको बताउनुभयो । “सरकार सबै खालका अपराधमाथि नियन्त्रण गर्दै र त्यसमा संलग्न दोषीलाई कानुनको कठघरामा ल्याउने र कारबाही गर्ने प्रक्रियामा अघि बढिरहेको छ”, गृहमन्त्री श्रेष्ठले भन्नुभयो, “दोषीलाई कारबाही गर्दा अब त पुग्यो भनेर विश्राम लिने पक्षमा छैनौं, नेपालमा सुशासन स्थापित गर्न र जनतालाई विकासको प्रतिफल दिनका लागि हामी निरन्तर दृढतापूर्वक अगाडि बढ्नेछौं ।”

गृहमन्त्री श्रेष्ठले मन्त्रीलाई धक्की दिएर, घेराबन्दीमा राखेर गलत प्रवृत्ति बोकेका कसैको पनि सपना पूरा हुन नदिने बताउनुभयो । “मन्त्रीलाई काम गर्न नदिएर, सरकारलाई अप्ठेरो पारेर भ्रष्टाचार विरुद्धको अभियान रोकिन्छ भनेर कसैले नसोचे हुन्छ”, उहाँले भन्नुभयो, “हामी पदका लागि पदमा गएका होइनौं, देश र जनताको निम्ति काम गर्न गएका हौं”, जुन दिनसम्म पदमा बस्छौं, देश र जनताका निम्ति सर्मपित भएर काम गर्छौं र यो अभियान विर्सजित गर्दैनौं, यो अभियानलाई निरन्तर अगाडि बढाउँछौं ।” रासस

# नयाँ निजामती ऐन सेवाग्राही र कर्मचारीको हितमा : उपप्रधानमन्त्री खड्का

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले नयाँ निजामती ऐन सेवाग्रही र कर्मचारीको हितमा रहने स्पष्ट पार्नुभएको छ । नेपाल निजामती कर्मचारी युनियनको काठमाण्डुमा भएको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै उपप्रधानमन्त्री खड्काले सरकारले ल्याउन लागेको निजामती ऐनले कर्मचारीको हितमा बन्ने बताउनुभयो ।

रक्षामन्त्री समेत रहनुभएका खड्काले भन्नुभयो, “निजामती कर्मचारीको हक, अधिकार र हितको रक्षा नयाँ निजामती ऐनले गरेको छ । साथै नयाँ ऐनले आम नेपाली जनताले सबै सेवाहरू झण्झटरहितरूपमा सम्मानपूर्वक पाउने कुराको सुनिश्चित गर्नेछ ।”

उहाँले सरकारले यतिबेला निजामती कर्मचारीलाई चाहेर पनि थप सेवा तथा सुविधा उपलब्ध गराउन नसक्ने पनि स्पष्ट पार्नुभयो । उपप्रधानमन्त्री खड्काले भन्नुभयो, “यतिबेला देशको अर्थतन्त्रको अवस्थाबारे तपाईं जानकारनै हुनुहुन्छ, अर्थतन्त्रमा धेरै भार नपर्ने र निजामती कर्मचारीको हित हुने कैयन विषय ऐनमा समेटिएका पनि छन् । तर अर्थतन्त्रमा भार पर्ने विषय पछि बिस्तारै सम्बोधन गर्नुपर्ने अवस्था छ ।” उहाँले कर्मचारीलाई सम्बोधन गर्दै अहिले त्याग गर्ने बेला भएको भन्दै अर्थतन्त्र सुधार भएसँगै सबै समस्या सम्बोधन हुने समेत बताउनुभयो ।

उपप्रधानमन्त्री खड्काले अहिलेको सरकार र सत्तारुढ गठवन्धन निजामती कर्मचारीहरू हक अधिकारको रक्षाका लागि पूर्णरूपमा प्रतिवद्ध रहेको समेत प्रष्ट पार्नुभयो । उहाँले संविधानमा सुनिश्चित भएको सेवा जनताले पाउनुपर्ने र त्यसमा कर्मचारीले विशेष ध्यानदिनुपर्ने धारणा राख्नुभयो ।

उहाँले नागरिकलाई सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने विषयमा ध्यान दिन कर्मचारीलाई आग्रह समेत गर्नुभयो । सरकारले अहिले सरोकारावला सबै निकायसँग छलफल गरेर ऐन निर्माण गरेका कारण निजामती ऐनले सबैको हित हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । रासस

# कांग्रेस नेता भण्डारी डिस्चार्ज

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा सांसद डा चन्द्र भण्डारी शुक्रबार उपचार पछि कीर्तिपुरस्थित बर्न सेन्टर बाट ‘डिस्चार्ज’ हुनुभएको छ । उपचारमा संलग्न चिकित्सक डा



किरण नकर्मीले शल्यक्रियाबाट स्वास्थ्यमा सुधार देखिएपछि उहाँलाई डिस्चार्ज गरिएको जानकारी दिनुभयो ।

“शल्यक्रियापछि उहाँको स्वास्थ्य अवस्थामा सुधार आएको छ, अब घरमै आराम गर्नुहुन्छ,” उहाँले भन्नुभयो, “विस्तारै विस्तारै उहाँको स्वास्थ्यमा सुधार हुन्छ ।” डा नकर्मीले बाहिर सङ्क्रमणबाट जोगाउनका लागि उहाँलाई दुई हप्तासम्म अन्य व्यक्तिको सम्पर्कमा पनि नआउनसमेत भनिएको बताउनुभयो ।

उहाँका अनुसार नेता भण्डारीको पुनः मङ्गलबार घाउको ड्रेसिङ गरिनेछ । करिब छ महिना अगाडि घरमा ग्यास लिक हुँदा आगलागीमा परी घाइते हुनुभएका उहाँको यही साउन ३१ गते छालाको प्रत्यारोपण गरिएको थियो । “जलनको कारणले घाउ भएपछि दाग परेर नेता भण्डारीको हातको मुठ्ठी पार्न गाह्रो भएको थियो”, उहाँले भन्नुभयो, “दागहरु निकालेर छाला प्रत्यारोपण गरिएको हो ।”

उहाँको शल्यक्रियाका लागि क्यानडाबाट अमेरिकीमूलका चिकित्सक डा तिमोथी स्प्रौलसहित प्राडा बिडी झा, प्राडा शङ्करमान राई, डा किरण नकर्मी, डा अनुप सुवेदी, डा प्रदीप राजभण्डारी, डा विशाल कार्की डा प्रविन गिरी, डा सुष्मा डङ्गोल, मोहनकृष्ण डङ्गोल र डा प्रज्वल श्रेष्ठ गरी ११ जनको चिकित्सको टोली उपचारमा संलग्न रहेको थियो ।

गत फागुन ३ गते राति आगलागीमा पर्नुभएका सांसद डा भण्डारीको सुरुमा कीर्तिपुर बर्न सेन्टरमै उपचार गरी थप उपचार भारतको मुम्बइमा रहेको नेसनल बर्न सेन्टरमा गराइएको थियो । भारतमा ७३ दिन उपचार गराएर फर्किएपछि उहाँको गत वैशाख १९ गतेदेखि काठमाडौंको पुरानो बानेश्वरमा रहेको फ्रन्टलाइन अस्पतालमा उपचार भइरहेको थियो । रासस

# प्राधिकरणको संलग्नतामा रणनीतिक महत्वका ठूला आयोजना अगाडि बढाउँछौं: प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले योग्य र सक्षम जनशक्ति भएको नेपाल विद्युत् प्राधिकरणको संलग्नतामा केही रणनीतिक महत्वका ठूला आयोजना अगाडि बढाउने दृढता व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभयो, “आगामी दिनमा एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त परियोजना तथा १० हजार आठ सय मेगावाट क्षमताको बहुआयमिक कर्णाली चिसापानीजस्ता ठूला जलविद्युत् आयोजनाको निर्माण अघि बढाउने सोच र योजना साथ सरकार अघि बढिरहेको अवस्था तपाईहरू सामु उजागर गर्न पाउँदा मलाई विशेष हर्ष र गर्वको अनुभूति भएको छ ।”




नेपाल विद्युत् प्राधिकरणको ३८ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले ठूला र बहुउद्देश्यीय प्रकृतिका आयोजना अगाडि बढाउने सरकारको सोच रहेको बताउनुभयो । बिजुली निर्यातका लागिसमेत स्पष्ट लक्ष्यसाथ सरकार अघि बढिरहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले नेपालको जलविद्युत् विकासका लागि योगदान पुऱ्याइरहेको निजी क्षेत्रको उत्पादित विद्युत्समेत खरिद गरिरहेको प्राधिकरणले आफैं वा आफ्ना सहायक कम्पनीमार्फत आगामी दिनमा विद्युत् उत्पादन क्षेत्रमा सशक्त र अग्रणी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री दाहालले विगतको ‘लोडसेडिङ’को स्मरण गर्दै त्यसको समाधानका लागि गरिएको प्रयासका बारेमा जानकारी दिनुभयो । “प्राधिकरणको ३८ औं वार्षिकोत्सवलाई सम्बोधन गर्न यस रोष्टममा आउँदै गर्दा मैले २०७३ को साउनमा म दोस्रोपटक प्रधानमन्त्री हुँदा देशले बर्सातको समयमा पनि बेहोरिरहेको लोडसेडिङको कहालीलाग्दो अवस्थालाई सम्झिरहेको छु”, प्रधानमन्त्रीले भन्नुभयो । त्यसबेला बिजुलीको पहुँच भएको ठाउँमा दैनिक १८ घण्टासम्म लोडसेडिङ हुने गरेको थियो भने देशका करिब ४० प्रतिशत जनता त विद्युत्को पहुँचभन्दा बाहिर रहेको तथ्य स्मरण गर्नुभयो ।

“लोडसेडिङका कारण उद्योग व्यवसायको अवस्था दयनीय थियो । नागरिकको दैनिकी नराम्ररी प्रभावित थियो । प्राधिकरणको वित्तीय अवस्था अत्यन्तै नाजुक थियो”, प्रधानमन्त्रीले भन्नुभयो, “त्यस बेला मैले तीन महिनाभित्र देशमा लोडसेडिङ अन्त्य गर्ने र प्राधिकरणलाई नाफामा लाने घोषणा गर्दा धेरैले त्यसलाई पत्याउँदैनथे, मजाकको विषय बनाएका थिए ।”

प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङलाई ल्याएपश्चात् हाम्रो सङ्कल्प, इमानदारिता र मेहेनतका कारण हामीले १८ घण्टाको लोडसेडिङ अन्त्य गरेर देशलाई उज्यालोतर्फ अघि बढाएको प्रधानमन्त्रीको भनाइ छ ।

प्रधानमन्त्रीले भन्नुभयो, “मैले सरकारको नेतृत्व गर्दा ऊर्जा क्षेत्रको विकासका लागि दूरगामी महत्वका निर्णय भएका छन् भने देश र जनताको हितमा धेरै काम भएका छन । प्राधिकरणभित्र नीतिगत सुधार, प्राधिकरणको घाटा अपलेखन गरी वित्तीय सुरक्षा प्रदान, प्राधिकरण व्यवस्थापन र संस्थाको नेतृत्व परिवर्तन गरी लोडसेडिङलाई पूर्णरूपमा अन्त्य गर्दै संस्थालाई नाफामा लाने काम भएको कुरा विदितै छ ।”

देश जलविद्युत् उत्पादनमा अत्यन्त उच्च सम्भावना भएको देशका रूपमा परिचित रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले जलवायु जोखिमसँग सम्बन्धित पक्षलाई समेत मनन गर्दै बिना विलम्ब यस अवसरको उपयोगिता लिन हामीपछि पर्नु नहुने बताउनुभयो । आन्तरिक विद्युत् खपतको वृद्धि गर्दै ऊर्जा सुरक्षा हासिल गर्नुका अतिरिक्त स्वदेशी विद्युत् माग पूरा गरी बढी भएको परिमाणको विद्युत् बिक्रीका लागि मार्ग प्रशस्त भएकोसमेत उहाँको भनाइ छ ।

**नयाँ विद्युत् ऐन छिट्टै**

सरकारले नयाँ विद्युत् ऐन र अन्य आवश्यक नीति/निर्देशिका ल्याउनसमेत कुनै कसर बाँकी नराख्ने बताउनुभयो । ऊर्जा सुरक्षालाई पनि एकीकृत राष्ट्रिय सुरक्षाकै अङ्गको रूपमा लिँदै जलविद्युत्को प्रचुर उत्पादनबाट हरित, स्वच्छ ऊर्जा उत्पादकका रूपमा नेपालको अन्तर्राष्ट्रिय जगत्मा समेत परिचय स्थापित गरी सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता पूरा गर्न कार्ययोजनासाथ अघि बढ्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ ।

नेपालले हरित हाइड्रोजन उत्पादन र प्रयोगमा पनि विशेष ध्यान केन्द्रित गर्नुपर्ने बेला आइसकेको उहाँको कथन छ । सरकारले चाँडै नै हरित हाइड्रोजनसम्बन्धी नीति जारी गर्ने जानकारी दिँदै प्रधानमन्त्री दाहालले त्यो आफैँमा दूरगामी महत्वको हुने बताउनुभयो । “हरित हाइड्रोजन व्यापारिकरूपले सम्भाव्य हुने अवस्थामा नेपाल हरित ऊर्जाको केन्द्र बन्नेछ । यसबाट सरकारको स्वच्छ र नवीकरणीय ऊर्जाको विकास र खपत गर्दै कार्बन उत्सर्जन घटाउने लक्ष्यमा सहयोग पुग्नेछ”, प्रधानमन्त्रीले भन्नुभयो, “सम्बन्धित निकायलाई यससम्बन्धी थप अनुसन्धान र ज्ञानमा आधारित प्रविधिको विकासमा जोड दिन आग्रह गर्दछु ।”

विश्वव्यापीरूपमा भइरहेको जलवायु परिवर्तनले नेपालको जलस्रोत क्षेत्रमा परिरहेको प्रभाव अत्यन्त संवेदनशील रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले विद्युत् उत्पादन र लगानीको दीर्घकालीन योजना निर्माण गर्दा जलवायु परिवर्तनले भविष्यमा पार्नसक्ने असरको प्रक्षेपणलाई अवलम्बन गर्न जरुरी भएको बताउनुभयो । मासिक २० युनिटसम्म खपत गर्ने ग्राहकलाई निशुल्क विद्युत् उपलब्ध गराउने निर्णयबाट गरिबीको रेखामुनि रहेका करिब २० लाख घरधुरीले निःशुल्करूपमा विद्युत् प्रयोग गरिरहेकामा प्रधानमन्त्रीले प्रसन्नता व्यक्त गर्नुभयो । ‘जहाँ खेतीयोग्य जमिन त्यहाँ सिँचाइ कार्यक्रम’अन्तर्गत सिँचाइमा प्रयोग हुने विद्युत्मा ७५ प्रतिशतसम्म शुल्क कम गरिएका कारण कृषि उत्पादनमा प्रत्यक्ष योगदान पुगेको प्रधानमन्त्री दाहालको भनाइ छ ।

आगामी दुई वर्षभित्र सबै नेपाली जनताको घरदैलोमा विद्युत् पुऱ्याउने लक्ष्यअनुरूप प्राधिकरणले विद्युतीकरणलाई प्राथमिकताका साथ अघि बढाइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पेक्षित लक्ष्य हासिल गर्न प्राधिकरण सफल हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो । त्यसबाट आमजनताको जीवनशैलीमा सकारात्मक परिवर्तन आउनुका साथै अर्थतन्त्रले समेत उल्लेख्य गति लिनेमा आफू आशावादी रहेको बताउनुभयो । सरकारले उपयुक्त नीति र कार्ययोजनासहित आन्तरिक विद्युत् माग वृद्धि गर्न विद्युतीय सवारी साधन, विद्युतीय चुलो आदिको प्रयोगमा प्रोत्साहन गरेको जानकारी दिनुभयो । बढी विद्युत् खपत गर्ने उद्योग कलकारखानाको स्थापना र सञ्चालनमा उपयुक्त वातावरण निर्माण गर्न र विद्युत्को अधिकतम उपयोगलाई राष्ट्रिय अर्थतन्त्र र समृद्धिको मजबुत आधारका रूपमा आत्मसात् गरी अघि बढ्न सम्बन्धित सबै मन्त्रालय र निकायको आपसी समन्वयलाई आफूले विशेष जोड दिएको बताउनुभयो ।

आर्थिक समृद्धिको अभियानमा प्राधिकरणले आफूलाई अब्बल सावित गर्दै सशक्त भूमिका र दायित्वबोधसहित आफ्ना विविध परियोजना प्रक्षेपित कार्यतालिकाभित्रै सम्पन्न गर्न अपरिहार्य रहेको प्रधानमन्त्रीको भनाइ छ ।

**विद्युत् व्यापारमा दीर्घकालीन सम्झौता**

आन्तरिक खपत गरी बढी भएको बिजुली भारतलगायतका देशमा बिक्रीका लागि मार्ग प्रशस्त भएको प्रधानमन्त्रीको भनाइ छ । अन्तरदेशीय बजारको पहुँच दिलाउन मैले भारत भ्रमणका क्रममा आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीजीसँगको भेटमा भएका समझदारीलाई दीर्घकालीन विद्युत् व्यापारको एक महत्वपूर्ण कोसेढुङ्गाका रूपमा लिएको प्रधानमन्त्रीले बताउनुभयो । आगामी दश वर्षमा जलविद्युत्को तीव्र विकास र अधिकतम स्वदेशी खपतबाट व्यग्रतापूर्वक ठूलो आर्थिक रूपान्तरणको तयारी र प्रतीक्षा गरिरहेको समेत उहाँको भनाइ छ । हाल करिब चार सय ५० मेगावाट विद्युत् निर्यात भइरहेको छ । विद्युत् निर्यातलाई १० वर्षमा १० हजार मेगावाटसम्म पुऱ्याउने गरी द्विपक्षीय सम्झौतामा नेपाल र भारतबीच प्रारम्भिक हस्ताक्षर भइसकेको जानकारी दिँदै उहाँले दक्षिण एसियामै विद्युत् व्यापारको क्षेत्रमा उल्लेखनीय पहलकदमीका रूपमा हेरिएको प्रधानमन्त्रीको कथन छ ।

त्यसबाट नेपालमा जलविद्युत् लगानीको थप उपयुक्त वातावरण निर्माण भएको तथा दीर्घकालीन विद्युत् व्यापारका लागि स्वदेशी तथा अन्तरदेशीय प्रसारण संरचनाको तयारी पूरा गर्न सम्बन्धित मन्त्रालय सरोकारवाला निकायको योगदान आवश्यक रहने प्रधानमन्त्री दाहालको भनाइ छ । भारतसँगको उक्त समझदारीलाई मूर्तरूप दिन हाम्रा सम्बन्धित निकाय भारतीय पक्षसँग पनि लगातार सम्पर्क र समन्वयमा रहेको उहाँले उल्लेख गर्नुभयो ।

अन्तरदेशीय प्रसारण संरचनाको योजना र निर्माणमा दुवै देशका तर्फबाट आवश्यक कार्यले गति लिन थालेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले बुटवल-गोरखपुर चार सय केभी प्रसारण लाइन निकट भविष्यमै निर्माणको चरणमा जाने गरी नेपाल र भारत दुवैतर्फ आवश्यक कार्य अघि बढाइएको उल्लेख गर्नुभयो । यस्तै थप दुई नेपाल-भारत ४०० केभी क्षमताका प्रसारण लाइन इनरुवा-पूर्णिया र दोधारा-बरेलीको निर्माण प्रारूप आगामी दुई महिनाभित्र ऊर्जा सचिवस्तरीय संयन्त्रमार्फत सहमतिमा पुऱ्याउन आफूले आवश्यक निर्देशन दिएको प्रधानमन्त्री दाहालले जानकारी दिनुभयो ।रासस

# मुलुकी संहिता प्रभावकारी कार्यान्वयन गरेर जानुपर्छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकी संहिताको प्रभावकारी कार्यान्वयन गरेर अघि बढनुपर्ने बताउनुभएको छ । संहिता दिवस-२०८० का अवसरमा कानून, न्याय तथा संसदीय मामिलामन्त्रालयले प्रधानमन्त्री कार्यालयमा शुक्रबार आयोजना गरेको कार्यक्रममा उहाँले मुलुकी संहितालगायत अन्य कानूनको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने बताउनुभयो ।

“देशमा सुशासन कायम गर्न कानूनको कार्यान्वयन जरुरी छ, कानूनको कार्यान्वयन सुशासनबाटै सम्भव छ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “संहितालगायत सबै कानून कार्यान्वयन गरेर मुलुकमा सुशासन कायम गर्ने कार्यमा सहयोग गर्न आग्रह गर्दछु ।” उहाँले कतिपय कानून समयानुकूल संशोधन गर्दै जानुपर्ने भएकाले संशोधन पनि गर्दै जाने र कार्यान्वयनको पाटोमा पनि सबैले मिलेर छलफल गरेर जानुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री दाहालले कानूनका बारेमा आम समाजमा चेतना जगाउनका लागि समेत सबैलाई आह्वान गर्नुभयो ।

कायममुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले मुलुकी संहिता कार्यान्वयन गर्नका लागि न्यायालयले अधिकतम प्रयास गरिरहेको बताउनुभयो । “सर्वोच्च अदालतबाट संहितालगायतका कानूनको सुधार गर्नका लागि समिति नै बनाएर अध्ययन भइरहेको छ”, उहाँले भन्नुभयो, “संहिताहरूले अपेक्षा गरेअनुरूप नयाँ व्यवस्थाको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन, त्यो गर्न जरुरी छ ।”

कामु प्रधानन्यायाधीश श्रेष्ठले कानूनको कार्यान्वयन र प्रयोगमा एकरूपता ल्याउनका लागि आवश्यक बजेटको कमी भएको बताउनुभयो । साथै, अदालतलाई जिम्मेवारी धेरै दिए पनि त्यो अनुरूप स्रोत साधन नहुँदा सोचेअनुरूप काम गर्न कठिनाइसमेत भइरहेको उहाँको भनाइ थियो ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङले मुलुकी संहिता कार्यान्वयनमा आएको पाँच वर्ष पुगेको अवस्थामा यसको समीक्षा गर्दै आगामी दिनमा समाजको आवश्यकतालाई ध्यान दिएर मुलुकी संहिताको कार्यान्वयन र संशोधनका लागि आवश्यक सुझावका लागि कार्यक्रम प्रभावकारी भएको बताउनुभयो । महान्यायाधिवक्ता डा दीनमणि पोखरेलले संहितामा दण्डको धेरै सुधारात्मक व्यवस्था गरिएको भए पनि कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै सजायमा छुट दिने, खुल्ला कारागारको व्यवस्था भए पनि तर कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

“कारागार सुधार गर्न जरुरी छ, नाबालिग उमेरको बलात्कारका मुद्दामा र लागु औषधका मुद्दामा जेलमा छन्, भर्खरका बालबालिका छन्”, उहाँले भन्नुभयो, “ऐन संशोधन गर्न जरुरी छ, न्यायको अनुभति जगाउनुपर्छ ।” उहाँले मुलुकी संहिता कार्यान्वयन गर्नका लागि एकले अर्कोलाई सहयोग गरेर अघि बढनुपर्नेमा जोड दिनुभयो ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कानून अपवादमूलक नभई सबैलाई लाभ र समान वितरण गर्ने खालको हुनुपर्ने बताउनुभयो । संहिता निर्माण कार्यदलको संयोजकसमेत रहनुभएका उहाँले कानूनको व्यावसायिकतापूर्ण कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो ।

“कानून सबैका लागि समान होस्, विकास र प्रजातन्त्र धान्ने खालको हुनुपर्छ”, उहाँले भन्नुभयो, “कार्यान्वयनको चरणमा केही कमजोरी देखिएको छ, कार्यान्वयन गर्नुभन्दा पनि संशोधन गर्न मात्रै लाग्नु हुँदैन । उहाँले कानूनको समय-समयमा पुनरावलोकन गर्नुपर्ने जरुरी भएको र समाजको विकाससँगै अघि बढ्नुपर्ने उल्लेख गर्दै संसद्ले समाजअनुरूप कानून बनाउनुपर्ने भनाइ राख्नुभयो ।

“मुलुकी संहिता विसं २०१० देखि नै लामो यात्रा पार गरेर आएको हो, बेलायत जस्तो देशले अहिलेसम्म चाहेर पनि संहिता ल्याउन सकेको छैन, जुन ठूलो मेहनतले नेपालले बनाएको छ”, पूर्वप्रधानन्यायाधीश श्रेष्ठले थप्नुभयो, “सार्वजनिक हित, सुरक्षा र न्यायका लागि ल्याइएको हो, उन्नत र प्रगतिशील कानून हो, लागु गर्ने बेलामा प्रहरी क्षेत्रमा आनाकानी भएको थियो तर यसलाई कार्यान्वयन गरेर लैजानुपर्छ ।” उहाँले कानून राम्रो बनाएर मात्रै नहुने र त्यसको प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिनुभयो । नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले मुलुक सबल, सक्षम बनाउनका लागि मुलुकको कानूनी व्यवस्था बलियो हुनुपर्ने र भएको कानूनको प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने बताउनुभयो ।

उहाँले एक प्रतिशतभन्दा कम बजेटले न्यायालयले प्रभावकारीरूपमा काम गर्न नसक्ने उल्लेख गर्दै सबल र सक्षम न्यायपालिका बनाउनका लागि आर्थिक, स्रोत र साधनले पनि बलियो हुनुपर्नेमा जोड दिनुभयो । विसं १९१० मा मुलुकी ऐन जारी भएको थियो । त्यो ऐनको परिमार्जन २०६४ मा जारी भई २०७५ साल भदौ १ गतेदेखि लागु भएको हो । आज उक्त ऐन कार्यान्वयनमा आएको पाँच वर्ष पुगेको छ तर ऐनका कतिपय प्रावधान प्रभावकारी कार्यान्वयन हुन नसेको र कतिपय संशोधन गर्नुपर्ने अवस्था रहेको कानूनका जानकार बताउँछन् । रासस

# प्रधानमन्त्री मोदीको आर्थिक सल्लाहकार परिषद्का अध्यक्षले नयाँ संविधानबारे कुरा गरेपछि विवाद चुलियो

**बीबीसी**

नयाँ दिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आर्थिक सल्लाहकार परिषद्का अध्यक्ष विवेक देबरा'यले नयाँ संविधानको माग गर्दै एउटा अखबारमा लेख लेखेका छन्।

यस विषयमा विवाद बढेपछि प्रधानमन्त्रीले स्पष्टीकरण पेश गर्दै आफू र केन्द्र सरकारलाई प्यानलबाट अलग गरेका थिए ।

बिहीबार, EAAC–PM ले सामाजिक सञ्जालमा स्पष्ट पार्दै लेख्यो, "डा. विवेक देबरोयको भर्खरको लेख उनको व्यक्तिगत विचार थियो, यसले कुनै पनि हिसाबले EAAC–PM वा भारत सरकारको विचारलाई औपनिवेशिक विरासतको रूपमा वर्णन गर्दै, उनले लेखे, "हाम्रो वर्तमान संविधान धेरै हदसम्म ज्ञढघछ को भारत सरकार अधिनियममा आधारित छ। यसको मतलब यो औपनिवेशिक विरासत हो।"

लेखमा उनले भनेका छन्, 'हामीले जतिसुकै बहस गर्छौं, त्यसको सुरुवात र अन्त्य संविधानबाटै हुन्छ । थोरै परिमार्जनले मात्रै हुँदैन । हामी रेखाचित्र बोर्डमा फर्किनु पर्छ र स्क्र्याचबाट सुरु गर्नुपर्छ। संविधानको प्रस्तावनामा समाजवादी, धर्मनिरपेक्ष, लोकतान्त्रिक, न्याय, स्वतन्त्रता र समानता जस्ता शब्दहरूको अर्थ के हो भनेर सोध्नु पर्छ। हामीले आफैंलाई नयाँ संविधान दिनुपर्छ ।"

हरेक देशले समय समयमा संविधानमा पुनर्विचार गर्ने भएकाले यो विवादास्पद हो जस्तो मलाई लाग्दैन । हामीले यो संशोधन मार्फत गरेका छौं। "

"भारतीय संविधानको कामलाई हेर्नको लागि एक आयोग गठन गरिएको थियो। अम्बेडकरले संविधानसभा र सेप्टेम्बर २, १९५३ मा राज्यसभामा दिएको बयानमा पनि धेरै पटक धेरै स्पष्ट थिए कि संविधानमा पुनर्विचार गर्नुपर्छ। अब यो बौद्धिक परामर्शको विषय हो । कतिपयले संविधान बकवास हो भनेर मैले भनेकै होइन । जे होस्, यी मेरा विचार हुन्, आर्थिक सल्लाहकार परिषद् वा सरकारका होइनन्। ,



प्रतिबिम्बित गर्दैन।"

EAAC–PM भारत सरकार, विशेष गरी प्रधानमन्त्रीलाई आर्थिक मामिलामा सल्लाह दिनको लागि स्थापना गरिएको निकाय हो । यस्तो लेखमा के लेखिएको छ ?

१५ अगस्टमा डेब्रोयले आर्थिक अखबार मिन्टमा "हामी जनताका लागि नयाँ संविधानलाई अँगाल्नुपर्ने अवस्था छ" शीर्षकको लेख लेखे।

त्यसमा उनले लेखेका छन्, 'अहिले हामीसँग सन् १९५० मा विरासतमा आएको संविधान छैन । यसलाई परिमार्जन गरिन्छ र सधैं राम्रोको लागि होइन, यद्यपि ज्ञढठघ देखि हामीलाई भनिएको छ कि यसको 'आधारभूत संरचना' परिवर्तन गर्न सकिँदैन। लोकतन्त्रले संसदबाट जे पनि चाहे पनि हुन्छ । मैले बुझेसम्म सन् १९७३ को फैसला विद्यमान संविधान संशोधनमा लागू हुन्छ, नयाँ संविधान बनेमा यो नियम लागू हुँदैन । ,

डेब्रोयले एक अध्ययनलाई उद्धृत गर्दै लिखित संविधानको आयु मात्र १७ वर्ष रहेको बताए । भारतको वर्तमान संविधानलाई

विवाद बढेपछि बिहीबार समाचार एजेन्सी एएनआईसँग कुरा गर्दै डेब्रोयले भने, "पहिलो कुरा यो हो कि जब कसैले स्तम्भ लेख्छ, प्रत्येक स्तम्भमा यो स्तम्भले लेखकको व्यक्तिगत विचारलाई प्रतिबिम्बित गरेको नोट हुनुपर्छ। यसले व्यक्ति सम्बद्ध संस्थाको विचारलाई प्रतिबिम्बित गर्दैन।"

"दुर्भाग्यवश यस मामिलामा मेरो विचारहरू प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्सँग जोडिएको छ। प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्ले जब पनि त्यस्ता विचारहरू लिएर आउँछ, उसले तिनीहरूलाई भ्ब्ऋ-एः वेबसाइट वा यसको सामाजिक मार्फत सार्वजनिक गर्दछ। मिडिया ह्यान्डलहरू यस केसमा त्यस्तो केही भएको छैन।

उनले यस्तो विषयमा लेखेको यो पहिलो पटक नभएको बताए । डेब्रोय भन्छन्, "मैले यस्तै विचार व्यक्त गर्नु अघि यस विषयमा लेखेको छु।"

"कुरा एकदम सरल छ। संविधानमा पुनर्विचार गर्नुपर्छ भन्ने मलाई लाग्छ। विश्वका

**पीएम प्यानलमा लेख र प्रश्नमा विवाद**

डेब्रोयको लेखको आलोचना भइरहेको छ र धेरै नेता तथा सांसदले प्रतिक्रिया दिइरहेका छन् ।

आरजेडी अध्यक्ष लालु प्रसाद यादवले पनि यो लेखमा प्रधानमन्त्रीको इच्छा अनुसार यो सबै भइरहेको छ कि भनेर भनेका छन् ।

उनले सामाजिक सञ्जाल एक्स (ट्विटर) मा लेखेका छन्, 'प्रधानमन्त्री मोदीका आर्थिक सल्लाहकार विवेक देबरा'य छन् । उनले बाबासाहबको संविधानको सट्टा नयाँ संविधान बनाउनु पर्ने वकालत गरिरहेका छन् । के यो सबै प्रधानमन्त्रीको आदेशमा भनिएको र लेखिएको हो ?

सीपीएमका सांसद जोन ब्रिटासले पनि यो लेखमा आपत्ति जनाएका छन्, 'विबेक देबरा'य नयाँ संविधान चाहन्छन्, उनको मुख्य समस्या संविधानको आधारभूत संरचनामा समाजवादी, धर्मनिरपेक्ष, लोकतान्त्रिक जस्ता शब्दहरूसँग छ। वास्तवमा उनी हिन्दू राष्ट्रको वकालत गर्छन् । यदि व्यक्तिगत हैसियतले लेखेको हो भने लेखसहितको पोस्ट किन लेखेको ?

विगतमा केन्द्र सरकारले एनसीईआरटीका लागि उच्चस्तरीय समिति बनाएको थियो र त्यसमा विवेक देबरा'यलाई सदस्य बनाइएको थियो।

शिवसेना (उद्धव ठाकरे) राज्यसभा सांसद प्रियंका चतुर्वेदीले भनेकी छिन्, "उनीहरू नयाँ संविधान चाहन्छन् जसले उनीहरूको फाइदाको लागि काम गर्नेछ। तिनीहरू नयाँ विचार चाहन्छन् ताकि इतिहासलाई विकृत गर्न सकोस्। उनीहरूलाई नयाँ स्वतन्त्रता सेनानीहरू चाहिन्छ किनभने उनीहरूसँग अहिले कुनै पनि छैन। उनीहरू भारतमा घृणाको नयाँ विचार चाहन्छन्। तिनीहरू नयाँ अनैतिक लोकतन्त्र चाहन्छन्। भारतका नयाँ बुद्धिजीवीहरूलाई भेट्नुहोस्। ,

RJD राज्यसभा सांसद मनोज झा यस लेखमा भनेका छन्, "RSS संविधानमा कहिल्यै सहज थिएन, त्यसैले वर्तमान सरकार र यसका प्रमुखले संविधानमा समावेश स्वतन्त्रता, समानता, न्याय र धर्मनिरपेक्षता विचारहरूलाई घृणा गर्छन्। विवेक देबरोयले आफ्नै भाषा बोले र उनको आदेशमा भने।

**जब मोदी सरकारका मन्त्रीले भने- हामी संविधान बदल्छौं**

सन् २०१७ मा तत्कालीन केन्द्रीय राज्यमन्त्री अनन्त हेगडेले पनि संविधान परिवर्तन गर्ने बयान दिएका थिए ।

उनले भनेका थिए कि भाजपा "संविधान परिवर्तन गर्न" सत्तामा आएको छ र "निकट भविष्यमा" गर्नेछ। कर्नाटकको कोप्पलमा ब्राह्मण युवा परिषदको एक कार्यक्रमलाई सम्बोधन गर्दै हेगडेले "धर्मनिरपेक्षताहरू" लाई पनि निशाना बनाए।

उनले भनेका थिए, 'अहिले धर्मनिरपेक्ष हुने नयाँ चलन आएको छ । यदि कसैले म मुस्लिम हुँ, म क्रिश्चियन हुँ, वा म लिंगायत हुँ, वा म हिन्दू हुँ भने, मलाई धेरै खुसी लाग्छ किनकि उसलाई आफ्नो जरा थाहा छ, तर आफूलाई धर्मनिरपेक्ष भनाउने यी मानिसहरू, मलाई के थाहा छैन। तिनीहरूलाई बताउन। "तिनीहरू ती जस्तै हुन् जसका आमाबाबु छैनन् वा जसलाई आफ्नो वंश थाहा छैन।

आफैलाई थाहा छैन। उनीहरू आफ्ना आमाबाबुलाई चिन्दैनन्, तर उनीहरू आफूलाई धर्मनिरपेक्ष भन्छन्। यदि कसैले म धर्मनिरपेक्ष हुँ भन्छ भने, मलाई शंका लाग्छ।" अनन्त कुमार हेगडे केन्द्र सरकारमा सीप विकास राज्यमन्त्री थिए र मन्त्री हुँदा उनले भनेका थिए, "केही मानिसहरू भन्छन् कि संविधानमा धर्मनिरपेक्ष शब्द उल्लेख छ, त्यसैले तपाईले सहमत हुनु पर्छ किनभने यो संविधानमा छ, हामी यसलाई सम्मान गर्छौं तर यो निकट भविष्यमा परिवर्तन हुनेछ। विगतमा पनि पटकपटक संविधान संशोधन भएको छ। हामी संविधान संशोधन गर्न आएका हौं । हामी यसलाई परिवर्तन गर्नेछौं। ,

# एसिया रग्बी आजदेखि

काठमाण्डु । एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी सङ्घको व्यवस्थापनमा शनिबारदेखि राजधानीमा एसिया रग्बी यु-२० सेभेन्स महिला तथा पुरुष च्याम्पियनसिप हुने भएको छ ।

यही भदौ ३ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको पुरुषतर्फ एसियाका सात राष्ट्र र महिलातर्फ चार राष्ट्रको सहभागिता रहने छ । उक्त प्रतियोगिताको सम्पूर्ण तयारी सम्पन्न भएको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा नेपाल रग्बी सङ्घका महासचिव गोविन्द घिमिरेले जानकारी दिनुभयो ।

प्रतियोगितामा पुरुषतर्फ नेपाल, भारत, मलेसिया, थाइल्यान्ड, चाइनिज ताइपे, हङकङ र उज्वेकिस्तान सहभागी छन् । सहभागी टोलीलाई पनि दुई समूहमा विभाजन गरिएको छ । यसमा समूह 'ए' मा उज्वेकिस्तान, चाइनिज ताइपे र थाइल्यान्ड छन् ।

त्यस्तै समूह 'बी' मा नेपालसहित मलेसिया, थाइल्यान्ड र हङ्कङ छन् । त्यस्तै महिलातर्फ नेपाल, थाइल्यान्ड, हङ्कङ र मलेसिया छन् । उक्त प्रतियोगिताका लागि गत असार १५ गतेदेखि महिला तथा पुरुष टोलीको बन्द प्रशिक्षण पोखरामा गराइएको थियो ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगिताको उद्घाटन खेलमा शनिबार नेपालले भारतसँग खेल्नेछ। उक्त खेल बिहान १० बजे हुनेछ। महिलातर्फको खेलमा भने नेपालले मलेसियासँग खेल्नेछ । दुईदिने उक्त प्रतियोगिताका लागि करिब रु ७२ लाख खर्च लाग्ने आयोजकको भनाइ छ। रासस

# युरोपियन क्लबमा साम्बाले गरिन् डेब्यू खेलमै गोल

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय फुटबल टिमका फरवार्ड सावित्रा भन्डारी साम्बाले इजरायलको क्लब हापोएल रानानामा डेब्यू गरेकी छिन्।

अनेथा कप अन्तर्गत बिहीबार हादेराविरुद्ध खेलमा साम्बाले क्लबका लागि डेब्यू गरेका हुन्। खेलमा अदी गोल्डेन र साम्बाले एक एक गोर्दा रानानाले २-० गोलको जित निकाल्यो। यससँगै साम्बा युरोपियन क्लबका लागि गोल गर्ने पहिलो नेपाली खेलाडी समेत बनेकी छिन्। इजरायलको महिला लिग भने अगस्ट ३१ बाट सुरू हुँदैछ। आठ टिमबीच प्रतिस्पर्धा हुने लिगमा साम्बाको टिम रानानाले अगस्ट ३१ मा



इरोनी रामतसँग खेल्नेछ।

साम्बा गत जेठ अन्तिम साता युरोपियन महासंघमा आबद्ध भएर फुटबल खेल्ने इजरायलको शीर्ष डिभिजनको क्लब रानानामा आबद्ध भएकी थिइन्। घरेलु लिगमा एपिएफबाट खेल्ने साम्बा यसअघि गोकुलम केरेलाबाट भारतीय महिला लिग खेलेकी थिइन्।

दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी उनले उक्त लिगमा २९ गोल गर्दै सर्वाधिक गोलकर्ता मात्र बनिनन्, उनी आवद्ध गोकुलमले लिग नै जितेको थियो।

# न्युजिल्यान्डसँग टी-२० सिरिज खेल्दै युएई, पहिलो खेलमा १९ रनको हार

**एजेन्सी**

काठमाण्डु । एसोसिएट टिम युएईले न्युजिल्यान्डसँग तीन खेल टी-२० सिरिजअन्तर्गत बिहीबार पहिलो खेल खेलेको छ। बिहीबार



राति दुबईमा भएको पहिलो खेलमा न्युजिल्यान्डले घरेलु टिमलाई १९ रनले हरायो।

टस हारेर पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले ६ विकेटको क्षतिमा १५५ रन जोड्यो। न्युजिल्यान्डका ओपनर चाड बउस गोल्डेन डक भएका थिए। उनलाई युएईका जुनाइद सिद्धिकीले बोल्ड गरेका थिए। अर्का ओपनर टिम सेइफर्टले भने ५५ रन जोडे। मार्क चापम्यानले १५ रन जोड्दा कोल म्याककोनचीले नटआउट ३१ रन, जेम्स नीशमले २५ रन र रचिन रवीन्द्रले नटआउट २१ रन जोडे। बलिङमा युएईका सिद्धिकी र बासील हसीमले २-२ विकेट लिए। १५६ रनको लक्ष्य पछ्याएको युएई १९.४ ओभरमा १३६ रनमा अलआउट भयो।

युएईका लागि ओपनर अर्यान्श शर्माले ६० रन जोडे। अर्का ओपनर मोहमद वासीम भने शून्यमै आउट भए। कप्तान वासीम पनि गोल्डन डक आउट भए। वासीम टिम साउथीको डलबिडब्लूको धरापमा परेका थिए।

युएईका लागि अर्यान्शबाहके अरु कूनै पनि ब्याटरले २० रन पनि जोड्न सकेनन्। जसमध्ये ६ ब्याट्सम्यानले दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा न्युजिल्यान्डका साउथीले ५ विकेट लिए भने नीसम र सान्टनरले २-२ विकेट हात पारे।

# भारतको मणिपुरमा जारी हिंसामा ३ जनाको मृत्यु

**सिन्ह्वा**

नयाँ दिल्ली । भारतको उत्तरपूर्वी राज्य मणिपुरमा शुक्रबार बन्दुकधारीहरूले कुकी समुदायका तीनजना सदस्यको हत्या गरेको प्रहरीले जनाएको छ ।मणिपुरको राजधानी शहर इम्फालबाट करिब ३३ किलोमिटर उत्तरपूर्वमा रहेको उखरुल जिल्लाको थोवाई कुकी गाउँमा दिउँसो ती पुरुषहरूलाई गोली हानी हत्या गरिएको थियो ।

"गाउँको पूर्वमा रहेको पहाडबाट हतियारधारी आतङ्ककारीहरूको समूह गाउँमा पसेर गाउँका गार्डहरूमाथि गोली चलाउन थाले। घटनामा गाउँका तीन जनाको मृत्यु भएको छ," उखरुलका एक वरिष्ठ प्रहरी अधिकारी निङ्शेम वासुमले बताएका छन् । मारिएका मानिसहरू स्वेच्छाले गाउँको सुरक्षा गरिरहेको बुझिएको छ ।

हत्यापछि सरकारी सेना आक्रमणकारीलाई पक्रन गाउँमा पुगेका थिए । बहुसंख्यक मेइती समूह र आदिवासी कुकी अल्पसङ्ख्यकबीच जातीय द्वन्द्वका कारण जारी हिंसामा हालसम्म राज्यमा १५० भन्दा बढीको ज्यान गएको छ । भीडले तोडफोड र आगजनी गरेको छ, जसमा सयौं घर र पसलहरू जलाइएको छ ।

# इन्डोनेसियाको होटलमा आगलागी हुँदा तीन जनाको मृत्यु, तीन जना घाइते

**सिन्ह्वा**

जकार्ता । इन्डोनेसियाको राजधानी जकार्ताको दक्षिणी भागमा बिहीबार अबेर राति एउटा होटल भवनमा आगलागी हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् ।

स्थानीय प्रहरीका अनुसार राति करिब ११:५० बजे आगलागी भएको हो । स्थानीय समय अनुसार बिहीबार केबायोरान बारुको उपजिल्लामा रहेको एफ-२ होटलमा लागेको आगो शुक्रबार दिउँसो २:४० बजे निभिएको थियो ।

जिल्लाका प्रहरी उपप्रमुख ट्रिबुआना रोजेनोले आगलागीमा तीनजना होटलका पाहुनाको मृत्यु भएको जनाकारी दिएका छन् । उनीहरू भेन्टिलेसन नभएको कोठामा फसेका थिए। आगलागीमा परी अन्य तीन जना पाहुना पनि घाइते भएका छन् र अहिले उनीहरूको नजिकैको अस्पतालमा उपचार भइरहेको छ । प्रारम्भिक अनुसन्धानमा चुरोटको टुठाले आगलागी भएको खुलेको छ ।

# हवाई डढेलोमा एक सय एघारको मृत्यु, माउईका आपत्कालीन सेवा प्रमुखको राजीनामा



**एपी**

लहाइना । दक्षिणपचिमी अमेरिकी टापु राज्य हवाईको माउई आपतकालीन व्यवस्थापन निकायका प्रमुखले अचानक राजीनामा दिएका छन् । माउईका प्रमुख रिचार्ड बिसेनले उनको राजीनामा तत्काल स्वीकृत गरेका छन् ।

पर्यटकीयस्थल माउई र लहाइनाका बासिन्दाले वन डढेलोको चेतावनी दिने साइरन नबजेकामा उनको व्यापक आलोलचना गर्दै आएका थिए । गत साउन २३ गतेको डढेलोले बस्तीलाई गाँज्दा एक सय ११ जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् ।

यसैबीच, राष्ट्रपति जो बाइडेन र प्रथम महिला जील बाइडेन हवाईको भ्रमणमा जानुहुने भएको छ । विपक्षीहरूको तीक्ष्ण आलोचनापछि राष्ट्रपति अग्निपीडितलाई भेट्न तथा हालैको भीषण डढेलोबाट भएको वस्तुस्थितिबारे जानकारी लिन आगामी सोमबार हवाई भ्रमणमा जान लाग्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । आगामी साता आगालागी भएको स्थलबाट भग्नावशेष हटाइसकिने अपेक्षा गरिएको छ ।

हवाई टापुको माउई जङ्गलमा लागेको डढेलो यही साउन २३ गते बस्तीसम्म फैलिँदा एक सय ११ जनाको मृत्यु भएको छभने केयौं घाइते भएका सरकारी अधिकारीहरूले बताएका छन् । सबै मृतकको सनाखत हुन सकेको छैन । पर्यटकीयस्थल लहाइना र मौवीका भौतिक संरचना खरानीमा परिणत भएका छन् । झण्डै १३ हजार घरमा क्षति भएको छ । दुई हजार दुई सयभन्दा बढी भौतिक संरचना नष्ट भएका तथा पाँच अर्ब ५० करोडभन्दा अधिकको धनमाल नोक्सानी भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

सङ्घीय सरकारले छ सयभन्दा अधिक कर्मचारी परिचालन गरेर प्रभावित स्थलमा आवश्यक व्यवस्था गरिरहेको छ भने पचास हजारभन्दा बढी अग्निपीडितलाई भोजनको प्रबन्ध गरिएको, ७५ हजार लिटर स्वच्छ पेयजल, पाँच हजार खाट र दश हजार सिरक डसनाको प्रबन्ध गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौंमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन् । सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाले ज्यान गुमाएका थिए ।

# ब्याडमिन्टन एसिया क्षेत्रीय प्रतियोगितामा ६ देशका ५२ खेलाडी भिड्दै

**टुडे समाचारदाता**

काठमाण्डु । ब्याडमिन्टन एसियाको आयोजना तथा नेपाल ब्याडमिन्टन संघको तत्वावधानमा ब्याडमिन्टन एसिया (दक्षिण एसिया) क्षेत्रीय जुनियर च्याम्पियनसिप २०२३ भोलि भदौ १ गतेदेखि हुने भएको छ।

अल्पविकसित राष्ट्रहरुमा ब्याडमिन्टन खेलको विकास र विस्तार गर्ने उद्धेश्यले ब्याडमिन्टन एसियाले संचालन गर्ने प्रतियोगितामा यु-१५ र यु-१७ गरि दुई क्याटेगोरीमा हुने स्पर्धामा छात्र एकल, छात्रा एकल, छात्र युगल, छात्रा युगल र मिक्स गरि ५-५ विधा र छात्र तथा छात्राको टिम च्याम्पियनसिप गरि १२ विधामा प्रतिस्पर्धा हुने पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

नेपाल एपिएफको हलचोकस्थित कभर्डहलमा हुने प्रतियोगिता नेपालसहित भुटान, श्रीलङका, बंगलादेश, माल्दिभ्स र पाकिस्तान गरी ६ राष्ट्रका कुल ५२ खेलाडीहरुले प्रतिस्पर्धा गर्ने छन्।

जसमा छात्र तथा छात्रा तर्फ गरि २६-२६ खेलाडीहरु रहेका छन्। प्रत्येक राष्ट्रबाट ८-८ खेलाडी तथा नेपालबाट १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजकको हैसियतले नेपाली खेलाडीहरुले एक विधामा ३ खेलाडीले स्पर्धा गर्न पाउनेछन् भने अन्य राष्ट्रबाट २ खेलाडीले स्पर्धा गर्न पाउनेछन् ।

यो प्रतियोगिता ओलम्पिक छात्रबृत्तीका लागि खेलाडी छनोटको आधार समेत रहेको र प्रत्येक देशबाट एक महिला र एक पुरुष खेलाडी छनौट गरि मलेसियामा आयोजना हुने ओलम्पिक छात्रबृत्ती प्रतियोगितामा स्पर्धा पश्चात छात्रबृत्तीको लागि खेलाडी छनौट हुने ब्याडमिन्टन एशियाका बिकास ब्यवस्थापक सामबेन्थन शिभपेरुमलले पत्रकार सम्मेलनमा जानकारी गराए ।

अर्का विकास ब्यवस्थापक थानाबालन अरिकृष्णनले एशियामा ब्याडमिन्टनको विकास र विस्तार गर्न के कस्ता कार्यक्रमहरु हुनु पर्ने भन्ने छलफल र महिलालाई ब्याडमिन्टनमा आकर्षण गर्ने कार्यक्रम तर्जुमा गर्नका लागि ब्याडमिन्टन एशियाले यो कार्यक्रम संचालन गरेको बताए ।

ब्याडमिन्टन एशियाले एशियाका अल्पबिकसित राष्ट्रहरुलाई चार क्षेत्रमा विभाजन गरेर कार्यक्रम आयोजना गर्न लागिएको ब्याडमिन्टन एशियाका कार्यक्रम ब्यवस्थापक एजी यिन मुनले जानकारी गराईन् । जसमा प्रतियोगिताका साथै साउथ एशिया लिडर्स डिभलपमेन्ट मिटिङ्ग, साउथ एशिया उमेन्स् इन ब्याडमिन्टन वर्कसप, साउथ एशिया रिजनल अमपायर कोर्स र साउथ एशिया जुनियर ट्रेनिङ्ग क्याम्प रहेका छन् ।

कार्यक्रमका लागि ब्याडमिन्टन एशियाका बिकास समितका चेयरम्यान वाजीद अली चौधरी पनि नेपाल आउने कार्यक्रम रहेको छ।

# गत आवमा यस्ता देखिए मुलुकका आर्थिक सूचक

काठमाण्डु । नेपाल राष्ट्र बैंकले गत आर्थिक वर्षको वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार गत वर्ष मुद्रास्फीति, चालु खाता घाटा, प्रत्यक्ष वैदेशिक लगानीलयातका सूचकाङ्क खराब देखिएका छन् भने विप्रेषण, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकाङ्क सकारात्मक छन् ।

सरकारले गत आवका लागि वार्षिक औसत उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेकोमा सात दशमलव ७४ प्रतिशत पुगेको छ । अर्थात् गत वर्षको मूल्यवृद्धिले सरकारले राखेको वाञ्छित सीमा नाघेको छ । त्यस्तै गत आवमा समग्र वैदेशिक व्यापार घटेको छ । गत आवमा आयात १६ दशमलव एक र निर्यात २१ दशमलव ४ प्रतिशतले घटेको छ । अघिल्लो आवमा आयात २४ दशमलव ७ र निर्यात ४१ दशमलव ७ प्रतिशतले बढेको थियो ।

गत आवको अन्त्यसम्ममा चालु खाता रु ७२ अर्ब १६ करोडले घाटामा छ । समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २४ दशमलव ६ प्रतिशतले कमी आई रु सात अर्ब ५४ करोड रहेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब ९६ करोड कायम भएको छ । अघिल्लो आवमा प्रत्यक्ष वैदेशिक लगानी रु १८ अर्ब ५६ करोड थियो ।

गत आवमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २१ दशमलव दुई र अमेरिकी डलरमा १२ दशमलव एक प्रतिशतले बढेको छ । त्यस्तै, शोधनान्तर स्थिति रु दुई खर्ब ९० अर्ब ५२ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ५५ अर्ब २६ करोडले घाटामा थियो ।

कूल विदेशी विनिमय सञ्चिति ११ अर्ब ७४ करोड अमेरिकी डलर रहेको र यस्तो सञ्चितिले १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । यही अवधिमा विस्तृत मुद्राप्रदाय ११ दशमलव चार प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२ दशमलव तीन प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव आठ प्रतिशतले बढेको छ । गत असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थामा रहेको कूल निक्षेप रु ५७ खर्ब १० अर्ब र निजी क्षेत्रमा प्रवाहित कर्जा रु ४७ खर्ब ९७ अर्ब छ ।

विसं २०७९ असार मसान्तमा २००९ दशमलव ५ को विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० असार मसान्तमा २०९७ दशमलव १ को विन्दुमा कायम भएको छ । गत आवको असार मसान्तसम्ममा कूल धितोपत्र बजार पुँजीकरण रु ३० खर्ब ८२ अर्ब ५२ करोड कायम भएको छ । रासस

# प्राधिकरणको गत आवको सञ्चित नाफा रु ३६ अर्ब ६७ करोड बराबर

काठमाण्डु । उज्यालो नेपालको परिचय बनाएको नेपाल विद्युत् प्राधिकरणले शुक्रबार आफ्नो स्थापनाको ३८औँ वार्षिकोत्सव मनाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रमुख आथित्यतामा प्राधिकरणले आफ्नो वार्षिकोत्सव मनाएको हो ।


राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको प्राधिकरणले मधेस प्रदेशमा शत्प्रतिशत विद्युतीकरण गरेको छ ।

यस्तै, बागमती प्रदेशमा ९९ दशमलव २१, गण्डकी प्रदेशमा ९९ दशमलव शून्य दुई प्रतिशत बराबर विद्युतीकरण गरेको छ ।

यस्तै, कोशी प्रदेशमा ९५, लुम्बिनीमा ९८, कर्णालीमा ६८ र सुदूर पश्चिम प्रदेशमा ८२ प्रतिशत घरधुरीमा केन्द्रीय प्रसारण प्रणालीमार्फत बिजुली पुर्‍याएको छ ।

कूल सात सय ५३ स्थानीय तहमध्ये पाँच सय पाँच स्थानीय तहमा पूर्ण बिजुली पुर्‍याएको प्राधिकरणले दुई सय २७ स्थानीय तहका अधिकांश स्थानमा र बाँकी रहेका २१ स्थानमा साना तथा लघु जलविद्युत् आयोजनाबाट बिजुली उपलब्ध गराइएको छ । आगामी दुई वर्षमा बिजुली उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

प्राधिकरणले ५६ लाख ५८ हजार घरधुरीमा आफैँ बिजुली पुर्‍याएको छ । प्रतिव्यक्ति विद्युत् खपत तीन सय ८० बराबर पुगेको छ । ग्रामीण क्षेत्रमा विद्युतीकरणको अन्तिम मार्च गरिरहेको प्राधिकरणले कोही नेपाली पनि अँध्यारोमा बस्नु नपरोस् भन्ने सङ्कल्प लिएको छ ।




प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सरकार, प्राधिकरण र निजी क्षेत्र तथा विकास साझेदार निकायसँग समन्वय गरी आवश्यक वित्तीय श्रोत व्यवस्थापन गर्दै जलाशयुक्त आयोजना निर्माण गर्ने प्रमुख प्राथमिकताका साथ सरकार लागिपरेको बताउनुभयो ।

यस्तै, चार सय केभी क्षमताका प्रसारण लाइनसमेत निर्माण गरी आन्तरिक मागको सम्बोधन गर्दै बढी भएको बिजुली भारत लगायतका देशमा निकासीका लागि सरकार प्रयासरत रहेको उहाँको भनाइ छ ।

राष्ट्रिय ग्रिडको पहुँच पुग्ने गरी सबै नागरिकको घरधुरीमा नियमित र भरपर्दो रूपमा विद्युत् आपूर्ति गर्न, आधुनिक प्रविधिको प्रयोग गरी प्रसारण तथा वितरण प्रणालीको विस्तारका लागि आवश्यक नीति, कार्यक्रमका साथ मन्त्रालय अगाडि बढिरहेको मन्त्री बस्नेतको भनाइ छ । मुलुकलाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउँदै नेपाली नागरिकलाई गुणस्तरीय, भरपर्दो रूपमा विद्युत् सेवा प्रदान गर्न, ऊर्जाको माध्यमबाट जनताको सामाजिक तथा आर्थिक रुपान्तरण गर्न सरकारले सार्थक प्रयास गरिरहेको बताउनुभयो ।

हाल न्यूनतम २० युनिटसम्म बिजुली उपभोग गर्ने झन्डै २२ लाख ग्राहकले निःशुल्क रूपमा प्राप्त गरेका छन् । आर्थिक वर्ष २०७२/७३ मा कूल २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट रहेकामा आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशत कायम गर्न सफल भएको छ ।

आर्थिक बर्ष २०७२/७३ मा रु ३४ अर्ब ६१ करोड सञ्चित घाटा रहेको प्राधिकरणले आव २०७३/७४ मा रु एक अर्ब ५० करोड, आव २०७४/७५ मा रु तीन अर्ब ४३ करोड नाफा कमाएको थियो । यस्तै, आव २०७५/७६ मा रु नौ अर्ब ८१ करोड, आव २०७६/७७ मा रु ११ अर्ब ७५ करोड, आव २०७७/७८ मा भने घटेर रु छ अर्ब १० करोड मात्रै नाफा कमाउन सफल भएको थियो ।

यस्तै, आव २०७८/७९ मा रु १३ अर्ब ३७ करोड नाफा गरेको प्राधिकरणले आव २०७९/८० को अपरिस्कृत वित्तीय विवरणअनुसार रु १२ अर्ब ३३ करोड बराबर रहेको छ ।

प्राधिकरणको सञ्चित नाफा रु ३६ अर्ब ६७ करोड बराबर पुगेको छ । सार्वजनिक संस्थानहरूमध्ये धैरै नाफा कमाउने थोरै संस्थाहरूमध्ये प्राधिकरण अब्बल देखिएको छ ।

पछिल्ला दुई वर्षमा प्राधिकरणले वितरण तथा प्रसारण प्रणालीका लागि मात्रै रु ४८ अर्ब बराबरको लगानी आन्तरिक स्रोतबाट गरेको छ । प्राधिकरणको प्रणालीमा कूल जडित क्षमता दुई हजार आठ सय २२ मेगावाट बराबर पुगेको छ । प्राधिकरणले कूल आठ हजार ५२ मेगावाट बराबरको विद्युत् खरिद बिक्री सम्झौता गरेको छ ।

प्राधिकरणले जवा तिला, भारभूङ, वेगनास रुपा पम्प स्टोरेज र माथिल्लो मुस्ताङ जलाशययुक्त जलविद्युत् आयोजनाको अध्ययन जारी छ । आव २०७९/८० मा ६६ केभी तथा सोभन्दा माथिका प्रसारण लाइन चार सय १३ सर्किट किलोमिटर थप भएको छ ।

कूल सञ्चालन रहेको ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइनको लम्बाइ पाँच हजार सात सय ४२ सर्किट किलोमिटर बराबर पुगेको छ । यस्तै, तीन हजार एक सय ७५ सर्किट किमी प्रसारण लाइन र १० हजार दुई सय ९० एमभिए क्षमताको ग्रिड सबस्टेसन निर्माणाधीन छन् ।

नेपालीको घरदैलोमा नियमित र भरपर्दो विद्युत् सेवा पुर्‍याउन वितरण प्रणाली विस्तारको कार्य उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ । वितरण प्रणालीको स्तरोन्नति एवं सहरको सुन्दरता अभिवृद्धि हुनेगरी काठमाण्डु उपत्यकालगायत पोखरा र भरतपुरमा वितरण प्रणालीलाई भूमिगत गर्ने काम जारी छ ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, सञ्चालक समितिका सदस्य, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का अध्यक्ष गणेश कार्की लगायतको सहभागिता थियो । रासस

# चालु खाता ७२ अर्ब घाटामा र शोधनान्तर करिब तीन खर्बले बचतमा

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा चालु खाता रु ७२ अर्ब १६ करोडले घाटामा रहेको देखिएको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आव नेपालले रु पाँच अर्ब ९६ करोड बराबर मात्रै खुद प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको देखिएको छ ।

गत आवमा शोधनान्तर स्थिति रु दुई खर्ब ९० अर्ब ५२ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रु दुई खर्ब ५५ अर्ब २६ करोडले घाटामा थियो ।

विसं २०७९ असार मसान्तमा रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति २६ दशमलव ६ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु १० खर्ब ५६ अर्ब ३९ करोड रहेकोमा २०८० असार मसान्तमा २७ दशमलव ४ प्रतिशतले वृद्धि भई रु १३ खर्ब ४५ अर्ब ७८ करोड कायम भएको छ । नेपाल राष्ट्र बैंकबाहेकका बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति अघिल्लो आवको तुलनामा गत आव चार प्रतिशतले वृद्धि भई रु एक खर्ब ९३ अर्ब ५९ करोड पुगेको छ । गत असार मसान्तसम्मको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव ५ प्रतिशत छ ।

आव २०७९/८० को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११ दशमलव ७ महिनाको वस्तु आयात र १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको छ । गत असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ्य उत्पादन, कूल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपात क्रमशः २८ दशमलव ६, ८३ र २५ दशमलव एक प्रतिशत रहेका छन् । रासस

# २१ दशमलव दुई प्रतिशतले बढ्यो 'रेमिट्यान्स'

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह रु १२ खर्ब २० अर्ब ५६ करोड पुगेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आवमा विप्रेषण आप्रवाह २१ दशमलव दुई प्रतिशतले बढेको हो । अघिल्लो वर्ष विप्रेषण आप्रवाह चार दशमलव आठ प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैंकका अनुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२ दशमलव एक प्रतिशतले वृद्धि भई नौ अर्ब ३३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह दुई दशमलव दुई प्रतिशतले बढेको थियो ।

त्यस्तै समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४० दशमलव तीन प्रतिशतले बढेर चार लाख ९७ हजार सात सय चार पुगेको छ । अघिल्लो वर्ष यस्तो सङ्ख्या तीन सय ९२ प्रतिशतले बढेको थियो ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा वर्षमा एक दशमलव आठ प्रतिशतले कमी आई दुई लाख ७७ हजार दुई सय ७२ पुगेको छ । अघिल्लो वर्ष यस्तो सङ्ख्या एक सय ९८ दशमलव पाँच प्रतिशतले बढेको थियो ।रासस

# गत आवको मूल्यवृद्धि सात दशमलव ७४ प्रतिशत

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० को औसत वार्षिक मूल्यवृद्धि ७ दशमलव ७४ प्रतिशत रहेको देखिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वार्षिक तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत आवका लागि राखिएको मुद्रास्फीतिको वाञ्छित सीमा नाघेको देखिएको हो ।




गत आवका लागि सरकारले वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेकोमा ७ दशमलव ७४ प्रतिशत पुगेको देखिएको हो । अघिल्लो आव यस्तो मुद्रास्फीति छ दशमलव ३२ प्रतिशत थियो ।

अघिल्लो आवको तुलनामा आवमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेष्टुराँ तथा होटल उप-समूहको मूल्यवृद्धि १४ दशमलव ४२, मरमसलाको १२ दशमलव ५०, खाद्य तथा खाद्यजन्य पदार्थको १० दशमलव ७०, सुर्तीजन्य पदार्थको नौ दशमलव ८८ र दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव २३ प्रतिशत छ ।

साथै, गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उप-समूहको मूल्यवृद्धि १३ दशमलव ५०, मनोरञ्जन तथा संस्कृतिको १० दशमलव १८, स्वास्थ्यको १० दशमलव ०१, शिक्षाको आठ दशमलव ७९ र घरायसी उपयोगका वस्तुको ८ दशमलव ६५ प्रतिशत छ ।

गत आवमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६ दशमलव ६२ प्रतिशते छ । अघिल्लो आर्थिक वर्ष उक्त समूहको मुद्रास्फीति पाँच दशमलव ६९ प्रतिशत थियो । २०८० असार महिनामा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ३८ प्रतिशत छ ।

गत आवमा गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ८ दशमलव ६२ प्रतिशत रहेको छ । अघिल्लो आव उक्त समूहको यस्तो मुद्रास्फीति ६ दशमलव ८३ प्रतिशत थियो । गत असार महिनामा मात्र गैरखाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७ दशमलव ४८ प्रतिशत देखिएको छ । जबकि, २०७९ असार महिनामा उक्त समूहको यस्तो मुद्रास्फीति ९ दशमलव ०३ प्रतिशत थियो ।

गत आवमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति काठमाण्डु उपत्यकामा ७ दशमलव ५५, तराईमा आठ, पहाडमा ७ दशमलव ५६ र हिमालमा ७ दशमलव १२ प्रतिशत छ । अघिल्लो आव उक्त क्षेत्रमा यस्तो मुद्रास्फीति क्रमशः ५ दशमलव ७३, ६ दशमलव ४१, ६ दशमलव ८७ प्रतिशत र ६ दशमलव ०७ प्रतिशत थियो । रासस

# गत आवमा रु ५५ खर्ब १८ अर्बको तरलता प्रवाह

काठमाण्डु । नेपाल राष्ट्र बैंकले गत आर्थिक वर्षमा वित्तीय बजारमा रु ५५ खर्बभन्दा बढी तरलता प्रवाह गरेको जनाएको छ ।

केन्द्रीय बैंकले शुक्रबार सार्वजनिक गरेको गत आवको तथ्याङ्कमा आधारित मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको विवरणानुसार गत आवमा कूल रु ५५ खर्ब १८ अर्ब १९ करोड तरलता प्रवाह भएको छ ।

राष्ट्र बैंकका अनुसार गत आवमा रिपोमार्फत रु चार खर्ब १४ अर्ब ४७ करोड, सोझै खरिदमार्फत रु ८९ अर्ब ७० करोड, स्थायी तरलता सुविधामार्फत रु २७ खर्ब २७ अर्ब ११ करोड र ओभरनाइट तरलता सुविधामार्फत रु २२ खर्ब ८६ अर्ब ९० करोड गरी कूल रु ५५ खर्ब १८ अर्ब १९ करोड (कारोबारमा आधारित) तरलता प्रवाह भएको छ । अघिल्लो आवको सोही अवधिमा विभिन्न उपकरणमार्फत खुद रु ९६ खर्ब ४२ अर्ब ४१ करोड तरलता प्रवाह भएको थियो ।

त्यस्तै बैंकले गत आवमा विभिन्न उपकरणको प्रयोग गरेर रु एक खर्ब आठ अर्ब २० करोड तरलता प्रशोधन गरेको छ । जसमा रिभर्स रिपोमार्फत रु ८८ अर्ब २० करोड र निक्षेप सङ्कलन बोलकबोलमार्फत रु २० अर्ब गरी कूल रु एक खर्ब आठ अर्ब २० करोड तरलता प्रशोचन गरिएको उल्लेख छ ।

समीक्षा वर्षमा राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर पाँच अर्ब ४५ करोड खुद खरिद गरी रु सात खर्ब १२ अर्ब ५० करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर दुई अर्ब ९१ करोड खुद खरिद गरी रु तीन खर्ब ५५ अर्ब ५७ करोड तरलता प्रवाह गरिएको बैंकले जनाएको छ ।

त्यस्तै केन्द्रीय बैंकले समीक्षा वर्षमा अमेरिकी डलर चार अर्ब ५६ करोड बिक्री गरी रु पाँच खर्ब ९६ अर्ब ३७ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरेको छ । अघिल्लो वर्ष अमेरिकी डलर चार अर्ब ९२ करोड बिक्री गरी रु पाँच खर्ब ९५ अर्ब २३ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरेको थियो । रासस

# साना करदातालाई सहुलियत

काठमाण्डु । सरकारले साना करदातालाई मूल्य अभिवृद्धि कर (भ्याट) मा सहुलियत दिएको छ । यसअघि वार्षिक रु एक करोडसम्म कारोबारको विवरण मासिकरूपमा बुझाउनु पर्ने गरिएकोमा सरकारले चार महिनाको समय दिएको हो ।

आन्तरिक राजस्व विभागले शुक्रबार एक सूचना जारी गर्दै साना करदातालाई कर सहभागिता लागत र समय दुवै घटाएर सहुलियत दिइएको हो । साना करदाताले अब साउनदेखि कात्तिकसम्मको कर विवरण मङ्सिर २५ गतेभित्र बुझाउन सक्नेछन् ।

यस्तै, मङ्सिरदेखि फागुनसम्मको विवरण फागुन २५ गतेभित्र र चैतदेखि असारसम्मको कर विवरण साउन २५ गतेभित्र पेश गर्ने सुविधा दिएको छ । यद्यपि मासिकरूपमा कर विवरण बुझाउन चाहने करदातालाई सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा १५ दिनभित्र जानकारी गराउनसमेत विभागले आग्रह गरेको छ ।



## रु एक करोडमाथिको विवरण मासिक

विभागले वार्षिकरूपमा रु एक करोडभन्दा बढी कारोबार गर्ने व्यवसायीलाई भ्याट विवरण मासिकरूपमा नै बुझाउन आग्रह गरेको छ । यसअघि त्यस्ता करदाताले द्वैमासिकरूपमा कर विवरण दाखिला गर्ने गरेका थिए ।

"मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा संशोधन भई साविकमा रहेको ईँटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ भन्ने व्यवस्था खारेज भएको छ", विभागले जारी गरेको सूचनामा भनिएको छ, "संशोधित व्यवस्थाअनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका वार्षिक रु एक करोडभन्दा बढीको कारोबार भएका ईँटा उद्योग, होटल, पर्यटन तथा चलचित्र घरले २०८० साउनदेखि मासिकरूपमा मूल्य अभिवृद्धि करको विवरण दाखिला गर्नुपर्नेछ ।"

चालु आर्थिक वर्षको बजेट तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ संशोधनअनुसार कर विवरण दाखिला अवधि परिवर्तन भएको विभागले जनाएको छ । विभागका सूचना अधिकारी राजुप्रसाद प्याकुरेलले बजेट तथा नियमावलीअनुसार कर विवरण दाखिलाको समय परिवर्तन भएको बताउनुभयो । रासस

# गत आवमा १५ दशमलव पाँच प्रतिशतले घट्यो व्यापार घाटा

काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा मुलुकको वैदेशिक व्यापार घाटा १५ दशमलव पाँच प्रतिशतले घटेको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको पछिल्लो विवरणानुसार अघिल्लो आवको तुलनमा गत आवमा व्यापार घाटा १५ दशमलव पाँच प्रतिशतले घटेर रु १४ खर्ब ५४ अर्ब ५९ करोड कायम भएको छ । अघिल्लो आवमा यस्तो घाटा २३ दशमलव शून्य प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैंकका अनुसार गत आवमा मुलुकबाट रु एक खर्ब ५७ अर्ब १४ करोडको वस्तु निर्यात भएको छ । जुन अघिल्लो आवका तुलनामा २१ दशमलव चार प्रतिशतले कम हो । अघिल्लो आवमा निर्यात ४१ दशमलव सात प्रतिशतले बढेको थियो । तथ्याङ्कअनुसार गत आवमा कूल वस्तु आयात १६ दशमलव एक प्रतिशतले घटेर रु १६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ । अघिल्लो आवमा यस्तो आयात २४ दशमलव सात प्रतिशतले बढेको थियो ।

राष्ट्र बैंकका अनुसार गत आवमा भारततर्फ भएको निर्यात ३१ दशमलव तीन प्रतिशतले घटेको र चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः ११८ दशमलव तीन प्रतिशत र १० दशमलव सात प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिङ्क सिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंचा, पोलिस्टर धागोलगायतका वस्तुको निर्यात बढेको तथा सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहनालगायतका वस्तुको निर्यात घटेको छ ।

त्यस्तै वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १४ दशमलव चार प्रतिशत, १५ दशमलव नौ प्रतिशत र २० दशमलव सात प्रतिशतले घटेको छ । रासस

# लालपुर्जा बनाई दिने नाममा रकम असुल



टुडे समाचारदाता

जलेश्वर । आफ्नै नाममा रहेको बिटौरीको जग्गा पनि समस्या पर्दा बैंकमा धितो राख्न नसकेपछि मटिहानी नगरपालिका ८ क्षेत्रभित्रका ८४ घरपरिवार वर्षौंदेखि समस्या झेल्दै आएका छन् ।

लालपुर्जा नरहेको तर बुवा-बाजेको पालादेखि गुठी संस्थान कार्यालय जलेश्वरमा बुझाएको तिरो (कर) का आधारमा भोग चलन गर्दै आएको जग्गा नैं बिटौरी जग्गा हो। मटिहानी नगरपालिका ८ साविक मटिहानी गा.वि.स. ८ मा पर्ने किता नंम्बर १२५को २ विगहा ५ कठ्ठा जग्गामा ८४ घरपरिवार पक्की घर बनाई बस्दै आएको छ । सो जग्गा २०२५ फागुन ६ को फिल्ड बुकमा बजार उल्लेख भएको कित्तालाई नापी कार्यालय महोत्तरी जलेश्वर को ३ नं. नापी टोलीबाट २०५९ साल असार ७ मा पुन नापनक्सा गरी किता नंम्बर १२५ भित्रको जग्गामा हकभोग बमोजिमको अनुसार भएको सिट नं. १२५-००१८९-०३ को किता नं. १८, १९ र २० त्यस्तै सिट नं. १७५-००१८९-०८ को किता नं. १ देखि ५० सम्म गरी ७८ किता कायम गरि घरघडेरी घरवारी कायम गरिएको छ।

उनीहरुले आफ्नो क्षेत्राधिकार भन्दा बाहिर गएर काम गरेको र अवैध रुपमा लालपुर्जा वितरण गर्ने र रकम संकलन गर्ने काम गरेकाले गुठी संस्थान कार्यालय महोतरीका प्रमुख किशोर कुमार झाले बताए। उनले जग्गा नाप जाँच ऐन २०१९ र जग्गा नाप जाँच कार्यविधि अनुसार सार्वजनिक जग्गा भएकोले दर्ता गर्न मिल्दैन बताए । पूर्वमा बजार एरिया, पश्चिममा गुठीको जग्गा, उत्तरमा मटिहानी गाउ जाने मूल बाटो र दक्षिणमा परिक्रमा सडक चारकिल्ला जग्गाभित्रको घर रहेको छ।

सो जग्गाको साविकको फिल्डबुकमा जग्गाधनी महलमा कुनै पनि व्यक्ति वा संस्थाको नाम उल्लेख नभएकोले सोको प्रत्येक किताहरुको क्षेत्रफल, चौहदी प्रस्ट भएको देखिन्छ । तर जग्गा विचौलियाहरुले प्रति धुर २ देखि ५ हजार रुपैयाँका दरले असुल गरेका छन। भूमाफियाले नापीका कर्मचारीलाई ८ लाख रुपैया र अन्य खर्चको नाममा ४ लाख रुपैया खर्च गरेको स्रोतको दाबी छ।

सात सालदेखि सो जग्गा सरकारले बिक्री वितरण गर्न, लालपुर्जा नरहेको तथा भूमि व्यवस्था तथा मालपोत कार्यालयले रोक्का गर्न बन्द गरेपछि बैंकले धितो राख्न अस्वीकार गर्दै आएकाले आफूहरु समस्यामा परेको नगरवासीको भनाइ छ । जग्गा वापतबाट गुठी संस्थानबाट पाएको बिटौरी रसीदको आधारमा बसोवास र समस्या परेको बेला सोही बिटौरी रसीदमा उल्लेखित जग्गा बैंक र वित्तीय संस्थामा धितो राखी ऋण कर्जाका लागि वैकमा जाँदा पनि वैकले कर्जा लगायतका सेवा सुविधा नदिने गरेकाले उनीहरु समस्यामा परेका छन्। नापी विभाग २०७६ साउन २१ को पत्रानुसार नापी कार्यालयलाई मटिहानी गा.पा. ८ को किता नं. १२५ को २ विगहा ५ कठ्ठा जग्गाको नाप नक्सा गर्न ३ नम्बर नापी गोश्वारालाई निर्देशन दिएका थिए। २०२७ सालको नापीमा बजार क्षेत्र भनी उल्लेख भएका जग्गा किता दर्ता गर्ने सम्बन्धमा सचिव स्तरीय २०७६ असार २९ मा निर्णय भएको थियो।

विगत २०२७ सालदेखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि समस्या पर्दा बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने ऋण पाउन नसकि विचल्ली भएको मटिहानी नगर पालिका ८ का पवन कुमार साहले बताए। विटौरी जग्गाको वर्षौंदेखि कर लिने गरेको नापी मालपोत गुठी संस्थान कार्यालय र मटिहानी नगर पालिकाले लालपुर्जा र नक्सा पास उपलब्ध नगराउँदा बैंकले त्यस्तो जग्गा स्विकार नगर्ने गरेकाले व्यापार व्यवसाय पनि चौपट बन्दै गएको मटिहानी ८का संजय पंजियारले गुनासो पोखे। बैंकले त्यस्तो जग्गा अस्विकार गर्दा समस्याका बेला चर्को मिटरब्याजमा ब्यक्तिहरुसित ऋण लिन बाध्य भएको उनले बताए । मटिहानी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रशेखर शर्माले मटिहानी नगर पालिकाको कार्यपालिकाको २०७८ माघ ३को निर्णय अनुसार सो जग्गा स्ववासीमा दर्ता गरी जग्गाधनी प्रमाण पत्र प्राप्तिका लागि सिफारिस गरिएको बताए।

सरकारले विटौरी जग्गाको कारोबारमा लामो समयदेखि रोक लगाएपछि सन्तानको उच्च शिक्षा र गम्भीर बिरामी पर्दा खर्च जुटाउनुका साथै ब्यापार व्यवसाय गर्नसमेत समस्या भएको पीडितले बताए। मालपोत कार्यालय महोतरीका प्रमुख रमेश पौडेलले विगतमा विटौरी रसीदकै आधारमा जग्गा रोक्का र फुकुवा कार्य हुँदै आएकोमा सरकारले विटौरी जग्गाको खरिद बिक्रीमा रोक लगाएपछि समस्या भएको स्विकारे। उनले अब उक्त समस्याको समाधान माथिल्लो निकायबाट मात्र सम्भव भएको बताए । सरकारले नै विटौरी जग्गाको कित्ताकाट र खरिद बिक्रीमा रोक लगाएको उनको भनाइ छ। उनले उक्त जग्गाहरुको आफूहरुसँग तथ्याङ्क आइनपुगेकाले समस्या भएको र समाधानका लागि पहल थालिसकेको बताए।

उनले उक्त जग्गाबारे आफ्नो कार्यालयमा तथ्याङ्क नरहेको जानकारी दिए। विगतमा गुठी र नगरपालिकामा रहेको श्रेस्ताकै आधारमा जग्गाको रोक्का र फुकुवा गर्दै आएका थियो उनले भने-'हाल आएर सरकारले नै रोक लगाएपछि समस्या भएको हो ।' नापी कार्यालय महोतरीका निमित प्रमुख राजकुमार द्विवेदीले मटिहानीको विटौरी जग्गा बारे जग्गाधनीबाट निकै गुनासाहरु आइरहे पनि प्राविधिक कारणले समाधान गर्न नसकिएको बताए।

विगतमा ती कार्यालयहरुमा रहेको श्रेस्ताकै आधारमा जग्गाको रोक्का र फुकुवा गर्दै आएका थिए तर हाल आएर सरकारले नै रोक लगाएपछि समस्या भएको हो । विटौरी जग्गा प्रत्येक चुनावमा उम्मेदवारहरुको चुनावी एजेण्डा बनाउने गरेका छन् । तर कार्यान्वयनमा आउन सकेको छैन् । स्थानीय निर्वाचन तथा हालै सम्पन्न संसदीय निर्वाचनमा समेत विभिन्न राजनीतिक दल र तीनका उम्मेदवारले आ-आफ्नो प्रतिवद्धता पत्रमा उक्त समस्यालाई प्रमुख एजेण्डा बनाएका थिए । नापीले मालपोत कार्यालयसँग मागेका कागजपत्र मालपोतले उपलब्ध गराउन नसकेको भन्दै काम अघि बढाएको छैन् । मालपोत कार्यालयले भने धेरै पुराना कागज खोज्न समस्या भएकोले स्थानीयले जग्गाको कर तिरेको रसीदको आधारमा नापी गरिदिए सजिलो हुने जवाफ दिएको छ । आफ्नो सम्पत्ति भएर पनि लालपूर्जा नभएकै कारण कुनै आर्थिक कारोबार गर्न नपाएको उनीहरूको गुनासो छ।

सरकारले गाउँ ब्लक र बिटौरीको जग्गाको खरिद बिक्रीमा रोक लगाएपछि जग्गाधनीहरू समस्यामा परेका छन् । नापी गुठी मालपोत कार्यालय मटिहानी नगरपालिकाले एकले अर्कालाई देखाएर पन्छिदा स्थानीयहरू मारमा परेका छन् । आफ्नो सम्पत्ति भएर पनि लालपुर्जा नभएकै कारण कुनै आर्थिक कारोबार गर्न नपाएको उनीहरूको गुनासो छ । ८४ घरपरिवारलाई जग्गाधनी प्रमाणपत्र बनाई दिने नाममा रकम असुली गरी नापी कार्यालय र मालपोत कार्यालय र गुठी संस्थानका कर्मचारीलाई रकम बुझाउनेलाई कारबाही गर्न सरोकारवालाहरुले माग गरेका छन्।

# कुरा नन ग्रेडेड नानी-बाबूहरूको



ब्लग :



श्यामसुन्दर शशि

सामाजिक सञ्जालले सजिलो बनाइदिएको छ - साना ठूला घटनामा शुभकामना दिन, प्रतिकृया दिन, गालीगलौज गर्न, च्याबासीदिन अनि मन लागेका कुरा मनमौजी तरिकाले अभिव्यक्त गर्न । कथा कक्षा १२ को परीक्षाफलसंग सम्बन्धित छ । नेपालको संविधान २०७२ले



माध्यमिकतहसम्मको व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई दिएको छ। यिनै स्थानीय तहका प्रमुखमध्येका एक जनाले सामाजिक सञ्जालमा १२ उतीर्ण गर्ने बाबू-नानीलाई संवोधन गरेर लेखेका रहेछन्- पालिकाभित्रका उत्तीर्ण भाइ बहिनीलाई उज्जवल भविष्यको हार्दिक शुभकामना। नगरपिताले नगरभित्रका उत्तीर्ण जतिलाई शुभकामना दिनु, हर्ष बधाइ गर्नु अनुचित होईन, उचितै हो तर परीक्षामा सहभागी १ सय विद्यार्थीमध्ये ४९ जना नन ग्रेडेड अर्थात फेल भएको अवस्थामा ५१ जनालाई बधाइ दिनु अनि ४९ जनाका लागि चुप्प बस्नु मलाई मन परेन । मैले सामाजिक सञ्जालमार्फत नै जवाफ फर्काए- मेयर साहेबलाई हेक्काहोस, माध्यमिक तह सम्मको शिक्षा हजुरकै अधिकार क्षेत्रभित्र पर्दछ। त्यसै कारण नन ग्रेडेड(फेल) भाइ-बहिनाहरुको जिम्मा पनि हजुरलाई नै लिनु पर्दछ। आधा विद्यार्थी किन फेल भए?यसको जवाफ हजुरसंगै सोधिने हो। त्यस पछि मेयर साहेबको फेसबुकमा कुनै सबाल जवाफ देखिएन ।

कक्षा १२ को परीक्षाफल तर्फ ध्यानाकर्षण गरौं। यस वर्षको १२ को परीक्षामा सहभागी ४ लाख ४८ हजार ८ सय ३७ विद्यार्थी सहभागी भएका थिए। ती मध्ये १ लाख ८२ हजार ९ सय २६ अर्थात् ५९ दशमलव ८७ प्रतिशत बाबू-नानी नन ग्रेडेड(फेल)भएका छन् । देश विदेशको ढोका खोल्ने हैसियत राख्ने अंग्रेजी विषयमा १ लाख ९ हजार ५ सय २७ विद्यार्थी नन ग्रेडेड भएका छन् भने निजामती सेवाको मूलद्वार खोल्ने नेपाली विषयमा ३८ हजार विद्यार्थी नन ग्रेडेड भएका छन् । गणित विषयमा भने ७ हजार ९०३ विद्यार्थीले एनजी अर्थात् नन ग्रेडेड भएका छन्।

नेपालको संविधान २०७२ को अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षा तथा आधारभूत स्वास्थ्य र सरसफाई स्थानीय सरकारको अधिकार सूचीभित्र राखेको छ। अतः उत्तीर्ण विद्यार्थीको सूची छातीमा टाँसेर हर्ष बधाइ गर्ने पालिका प्रमुखहरुले अनुत्तीर्ण विद्यार्थीहरुको जिम्मेवारी पनि लिनु पर्दछ । झण्डै आधा विद्यार्थी किन र कसरी फेल भए? यस विषयमा आत्मआलोचना गर्नु पर्दछ। आत्ममंथन गर्नुपर्दछ। एसईईदेखि प्लस २ अर्थात १२ सम्मको परीक्षा फल प्रकाशित भएपछि कुनपालिकाका प्रमुख, शिक्षा संयोजक वा अन्य सरोकारवालाले यस विषयमा मंथन गरेका छन ?

यसो भनि रहदा स्कूलले जम्मा शिक्षाको गुणस्तरमाह्रास आई रहेको वेला संघीय वा प्रदेश सरकारको कुनै जिम्मेवारी नै छैन भन्न खोजिएको होईन। छोरी शिक्षालाई बढावा दिने नाममा करौडो बजेट बिनियोजन गर्ने, सायकल वितरण गर्ने, छोरी वीमा जस्ता कार्यक्रम ल्याउने प्रदेश सरकार तथा शिक्षा क्षेत्रको लागि वर्षेनि अर्बौ सशर्त अनुदानदिने संघीय सरकार पनि यसका लागि उतिकै जिम्मेवार छन्।

अचेल हुने खाने परिवारका विद्यार्थीहरु विदेश पलायन हुँदै छन् । मध्य वर्गका विद्यार्थीहरुको रोजाई भारत वा काठमाण्डुका कलेजहरु बन्दै छन्। योग्य र सक्षम शिक्षकहरु हुंदाहुंदै जनकपुरका कलेजहरु सुक्दै छन् । प्रदेशका विद्यार्थीहरुलाई प्रदेशकै कलेजहरुमा रोक्नप्रदेश सरकारसंग कुनै योजना छ ?पालिकाका विद्यार्थीलाई पालिकाकै प्लस टू सम्म अध्यापन हुने विद्यालयमा कसरी पढाउन सकिन्छ भने कुनै योजनाकुनै पालिकाले बनाएको छ ? छैन भने माध्यमिक सम्मको शिक्षाको अधिकार पालिकालाई किनदिने ? विद्यार्थीहरु अंग्रेजीमा किन कमजोर छन् ? गणितमा किन राम्रो गर्न सकिरहेका छैनन् ?मधेश प्रदेशकायुवाहरु लोकसेवामा किन राम्रो परिणाम ल्याउन सकिरहेका छैनन? यी र यस्ता विषयहरुमावहस छलफल किन हुँदैन ?

मेरो मान्यता के हो भने अब उत्तीर्ण हुने बाबू नानीसंगै विभिन्न कारणले उत्तीर्ण हुन नसकेकाहरुको विषयमा कुरा गरौं । आधा बाबू नानी फेल हुनुको अर्थ समस्या विद्यार्थीमात्रमा छैनन् , हाम्रो सिस्टममा पनि छ। सिस्टममा सुधार गरेर यस समस्यालाई धेरै हदसम्म समाधान गर्न सकिन्छ।

# भारदह अस्पतालमा थप शैयासँगै सेवा विस्तार

टुडे समाचारदाता

राजविराज। स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित भारदह अस्पतालमा शैया थपिनुका साथै सेवा विस्तार गरिएको छ। साविकको भवनसँगै मधेश प्रदेश सरकारको लगानीमा थप नयाँ भवन निर्माण गरेर प्रसूति तथा शल्यक्रिया कक्ष विस्तार गरिएको छ। यस्तै १५ शैयाको स्वीकृति पाएर संचालनमा रहेको अस्पतालमा बिरामीको बढ्दो चापलाई ध्यानमा राखी १८ शैया थपेर ३३ शैयाको अस्पताल बनाइएको छ। विस्तार गरिएपछि उपचारमा आउने बिरामीलाई राहत मिल्ने अपेक्षा गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उत्तम देवले बताए। उनले अब यस अस्पतालबाट माइनरदेखि मेजरसम्मका शल्यक्रिया गरिने जानकारी पनि दिए। क्षमताभन्दा दोब्बर बिरामी आउँदा अस्पताल अस्तव्यस्त हुने गरेकाले नगर पालिकाको साधनश्रोतले पनि भ्याएसम्म सहयोग गरी विशेषज्ञसहितको थप उपचार सेवा विस्तार गरिएको हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख वीरेन्द्र माझीले बताए।

नवनिर्मित भवनमा कुल २२



थपिएको नयाँ शल्यक्रिया तथा प्रसूति कक्ष भवनको शुक्रबार उद्घाटन र सेवा शुभारम्भ मधेश प्रदेशका स्वास्थ्य मन्त्री वीरेन्द्र सिंहले गरेका छन् । सो अवसरमा उनले अस्पतालमा थप सेवा विस्तार तथा आवश्यक जनशक्तिपूर्तिका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

प्रदेशमा निम्न आय भएका सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने उद्देश्यले विभिन्न योजना अघि बढेको छ, मन्त्री सिंहले भने-'यसै योजना अनुरुप यहाँको उपचार सेवा विस्तार गरिएको छ। शैया र सेवा दुबै वटा कोठा छन् । जसमा ६ वटा शल्यक्रिया कक्षका लागि छुट्याइएको छ भने अन्य कोठाहरु प्रसूति गृह, एसएनसियु, भेन्टिलेटर, स्वास्थ्य परीक्षण, बिरामी कक्ष लगायत परियोजनका लागि छुट्याइएको छ।

कार्यक्रममा प्रदेश सांसदद्वय सतिशकुमार सिंह, सकिल अली, कंचनरुप नगरपालिकाका नगर प्रमुख ललनप्रसाद गुप्ता, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डल, बलानबिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतले शुभकामना दिएका थिए।

# सत्ता निरंकुश भयो, विपक्षको कुरा सुनेन् : महासचिव पोखरेल



टुडे समाचारदाता

बीरगञ्ज । नेकपा एमालेका महासचिव शंकर पोखरेलले मुलुकको राजनीतिक बाध्यताबस अस्थिरता र अराजकताबाट गुजरि रहेको बताएका छन् । वीरगञ्जमा प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै महासचिव पोखरेलले जनताको मुख्य रोजाइको पार्टी एमाले राष्ट्र सञ्चालनको मुख्य जिम्मेवारीबाट बाहिर रहँदा निराशाको ठूलो चुनौती थपिएको बताए । उनले सामाजिक अराजकताको अवस्था निर्माण गरेको बताए। ०७४ को जनादेश विपरीत परमादेशबाट नयाँ सरकार गठन गर्ने कामले राज्यका संरचनाहरु कमजोर भएको उनले बताए।

अदालत, अदालत जस्तो रहेन , संसद संसद जस्तो रहेन उनले भने-'राज्यका सबै अंगहरु कमजोर भएका छन। सरकार राष्ट्र जनताको हितमा काम गर्न नसक्ने गरि निरीह भएको छ ।' महासचिव पोखरेलले मुलुकमा वैधानिक अर्थतन्त्र कमजोर हुने अवैधानिक तथा तस्करतन्त्र प्रोत्साहित हुने दुःखद अवस्था निर्माण भएको बताए। उनले मिहिनत गर्ने उद्योग ब्यवसायी समस्यामा छन् कतिपयले आत्महत्या गरेको चर्चा गर्दै सरकारलाई यो कुराले अलिकता पनि नपोलेको बताए।

अर्थतन्त्रमा आएको समस्याको जरो खोत्लदै महासचिव पोखरेलले समस्याको कारण त सुनको तस्करी रहेको पुष्टि भएको बताए। १ महिनामा २ हजार किलो सुन अवैध तरिकाबाट भित्रिएको तथ्य सार्वजनीक भएको छ त्यसको कारणले मात्र १ अर्व राजस्व हिनामिना भएको बताउदै उनले भने-'वैधानिक कारोवार ठप्प गर्ने र अवैधानिक कारोवार लाई प्रोत्साहित गर्ने गठबन्धन सरकारका कारण तस्करी धन्दा फस्टाएको छ।'

लाखौ युवाहरुलाई विदेश जान बाध्य बनाइएको छ। युवाहरु देशमा भए त विकास निर्माण हुने हो तर काम गर्ने युवाहरु देशमा नभएवपछि देशको विकास हुन नसक्ने उनले भने । नेता पोखरेलले अर्थतन्त्र समस्यामा परेको छ तर सत्ता निकट ब्यपारीको सम्पति ४० अर्व वृद्धि भएको रिपोर्ट सार्वजनिक हुन्छ यसले गठबन्धन सरकार आम जनताको प्रतिनिधत्व गर्न सक्दैन भन्ने कुराको पुष्टि भएको बताए।

# अनुचित लेनदेनमा व्यापक चलखेलको आरोप

टुडे समाचारदाता

वीरेन्द्र बजार । सप्तरीका उस्मानले अनुचित लेनदेन गर्ने पीडकलाई नै प्रशासनले सघाउने काम गर्न थालेकाले आफू जस्ता पीडितले न्याय पाउन नसकेको आरोप लगाएका छन् । नेपाल पत्रकार महासंघ सप्तरी शाखामा पत्रकार सम्मेलननै गरेर उनले ३१ लाख ४० हजारमा साहुकहाँ बन्धकी राखेर लिएको ऋण पटक-पटक गरी एक करोड ३३ लाख बुझाउँदा पनि जग्गा फुकुवा नगरेको पीडा पोखेका थिए।

पीडितले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिने प्रावधानका तहत आफूले पनि दिएको निवेदनमा उल्टै बिचौलिया मार्फत पीडक सित मिलेर आफूलाई धम्क्याउँदै मिल्नकालागि दवाव दिइएको गुनासो गरे।

अर्का मिटर ब्याज पीडित कृष्णा साहले सोही पत्रकार सम्मेलनमा पीडितलाई न्याय दिनुपर्नेमा उल्टै प्रभाव र पहुँचवाला पीडक सित मिलेर प्रशासनले उनीहरुलाई नै जोगाउने गरेको पीडा सुनाए। साहले रकमको चलखेल गरी पीडितलाई नै मुद्दामा मिलापत्रका लागि दवाब दिने गरिएको कारण वास्तविक पीडितले न्याय पाउन नसकेको बताए।

कुरा उस्मान र कृष्णाको मात्र होईन,जिल्ला प्रशासन कार्यालय सप्तरीमा यसरी पैसाको चलखेल गरी पीडितलाई मिलापत्रका लागि दवाव दिने गरिएको भनि धेरैको आरोप छ।

जनता समाजवादी पार्टीका नेता तथा मधेश प्रदेशका पूर्व अर्थमन्त्री शैलेन्द्रप्रसाद साह अनुचित लेनदेन सम्बन्धी कानुन बने पनि कार्यान्वयनमा नआउँदा अझै जाँचबुझ आयोग मार्फत नै जिल्ला प्रशासनबाट कामकाज हुँदै आएकोमा उल्टै धाकधम्की, धरपकड सम्मको अनुचित काम भइरहेको भनि आफूकहाँ पनि धेरै पीडितको गुनासो आउने गरेको बताए।


पैसा खानकालागि बिचौलिया समेतको प्रयोग गरी उल्टै पीडितलाई नै थप पीडा दिने काम भइरहेको उनको कथन छ। दिनहुँ जसो पीडितहरु यस्ता गुनासा लिएर म कहाँ आउने गरेका छन्,उनले भने,न्याय माग्न गएकामाथि यसरी उल्टै धम्क्याउने र थुनिदिने भन्दै मिलापत्रका लागि दवाव दिएपछि पीडितले कहाँ गएर न्याय पाउने ?'

नेपाली काँग्रेस सप्तरीका नेता उमेश मिश्रले पनि माओवादी जनयुद्ध कालको जनअदालत झैं मिटरब्याज पीडितमाथि सप्तरी प्रशासनमा अहिले व्यवहार भइरहेको भन्दै आपत्ति प्रकट गरे।

बरिष्ठ अधिवक्ता सुजीतकुमार पोखरेलले अनुचित लेनदेन अनुसूची १ अन्तर्गतको कसुर रहेको भन्दै यस्तो कसुरमा बलपूर्वक मेलमिलाप गराउनु अर्को अपराध हुने बताउँछन्।

प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले कार्यालयमा यस्तो व्यवहार नभएको दावीका साथ प्रमाणसहित आएमा त्यस्ता कर्मचारीमाथि कारवाही गरिने बताए।

एकाउण्टेन्ट चाहियो



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.का लागि एकजना लेखा प्रमुख (एकाउण्टेन्ट) आवश्यक भएकोले कम्तिमा बीबीए, बीबीएस वा सो सरह उतिर्ण, लेखा सम्बन्धी कार्यमा अनुभवी, लेखा सम्बन्धी सफ्टवेयरको जानकारी भएका इच्छुक व्यक्तिले तुरून्त सम्पर्क गर्नु होला । तलब आपसी सहमती अनुसार र अन्य सेवा, सुबिधा कम्पनीको नियमानुसार हुनेछ । महिलालाई विशेष ग्राहयता दिनेछ ।

सम्पर्क फोन नं.
९८५४०२७५९१, ०४१-५२७५९१
वायोडाटा पठाउने इमेल:jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८